



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

वर्ष ३२ अंक ३२५ काठमाडौं | ३ माघ २०८१ बिहीबार माघ कृष्णपक्ष तृतीया | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, January 16, 2025 | पृष्ठ १० | १० रुपैयाँ

### ६० लाख धरौटीमा लामिछाने रिहा

# अदालतले भन्यो, 'गोर्खा मिडियामा रविले स्वेट सेयर पाएका होइनन्, किनेका हुन्'

**घनश्याम खड्का** (काठमाडौं)
**दीपक परियार** (पोखरा)

काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको बचत ठगीका अभियुक्त गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने ६० लाख धरौटीमा बुधबार थुनामुक्त भएका छन् । लामिछाने र गितेन्द्रबाबु (जीबी) राईका नाममा ऋण खाता खोली स्वर्णलक्ष्मी सहकारीबाट रकम लिएको समेत तथ्य पनि भेटिएका आधारमा उनी कसुरदार होइनन् भन्न नसकिएकाले अदालतले उनीसँग धरौटी मागेको हो ।

चार दिनसम्मको बयान र थुनछेक बहसपछि न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले दिएको आदेशलगत्तै लामिछाने धरौटी बुझाएर थुनामुक्त भएका हुन् । लामिछानेले गोर्खा मिडियामा 'स्वेट सेयर' लिएको नभई सेयर खरिदका लागि निवेदन दिएको, प्रबन्ध निर्देशक हुनुभन्दा अघि र पछि पनि चेकमा हस्ताक्षर गरेको लगायतका प्रमाण भेटिएको भन्दै अदालतले उनी कसुरदार होइनन् भन्न सक्ने अवस्था नदेखिएको आदेश गरेको छ ।

'प्रतिवादी (रवि लामिछाने) ले गोर्खा मिडिया नेटवर्क प्रालिको बिक्रीमा रहेको १ लाख ८० हजार थान सेयर खरिद गर्न पाउँ भनी निवेदन दिई सेयर लिएको देखियो,' आदेशमा भनिएको छ, 'गोर्खा मिडिया नेटवर्कको सेयरहोल्डर एवं प्रबन्ध निर्देशक हुनुभन्दा अघि नै प्रतिवादी लामिछानेसमेतको हस्ताक्षर हुने गरी ग्लोबल आईएमई खाता सञ्चालनमा ल्याएको पाइयो ।'

लामिछाने गोर्खा मिडियामा प्रबन्ध निर्देशक भएका बेला स्वर्णलक्ष्मी सहकारीको सदस्य नरहेको कम्पनीको खातामा सहकारीबाट रकम आएको देखिएको अदालतको आदेश छ । लामिछाने र गोर्खा मिडियाका अध्यक्ष गितेन्द्रबाबु राईका नाममा स्वर्णलक्ष्मी सहकारीमा ऋण खाता खोली ४६ लाख ९८ हजार 'फोर ह्विलर लोन' र ४६ लाख ४८ हजार 'इको सेभेटिर भ्यान लोन' लिएको तथा लामिछानेको हस्ताक्षरबाट काटिएको चेकबाट ९० लाख १६ हजार ६ सय ६० रुपैयाँ स्वर्णलक्ष्मी सहकारीमा ऋण भुक्तान गरेको पाइएको पनि आदेशमा उल्लेख छ ।

स्वर्णलक्ष्मी सहकारीबाट गोर्खा मिडियाको खातामा आएको रकमका बारेमा आफूलाई केही थाहा नभएको बयान दिए पनि खाता सञ्चालनमा लामिछानेको प्रत्यक्ष संलग्न रहेको अदालतले जनाएको छ । **बाँकी पृष्ठ ६**

### सहकारीपीडितका तर्फबाट बहस गर्ने वरिष्ठ अधिवक्तामाथि आक्रमण



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

### काठमाडौं अदालतको आदेश

- प्रतिवादी (रवि लामिछाने) ले गोर्खा मिडिया नेटवर्क प्रालिको बिक्रीमा रहेको १ लाख ८० हजार थान सेयर खरिद गर्न पाउँ भनी निवेदन दिई सेयर लिएको देखियो
- गोर्खा मिडिया नेटवर्कको सेयरहोल्डर एवं प्रबन्ध निर्देशक हुनुभन्दा अघि नै प्रतिवादी लामिछानेसमेतको हस्ताक्षर हुने गरी ग्लोबल आईएमई बैंकमा खाता सञ्चालनमा ल्याएको पाइयो
- लामिछाने प्रबन्ध निर्देशक भएका बेलामा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको सदस्य नरहेको गोर्खा मिडिया नेटवर्कको खातामा सहकारीबाट रकम आएको देखियो
- लामिछाने र गितेन्द्रबाबु राईका नाममा सहकारीमा खाता खोली चारपांग्रे ऋण शीर्षकमा ४६ लाख ९८ हजार र 'इको सेभन सिटर लोन' शीर्षकमा ४६ लाख ४८ हजार लिएको देखियो
- लामिछानेको हस्ताक्षरबाट काटिएका चेकबाट ९० लाख १६ हजार ६ सय ६० रुपैयाँ स्वर्णलक्ष्मी सहकारीमा ऋण भुक्तान गरेको देखियो
- गोर्खा मिडिया नेटवर्कको खाताबाट लामिछानेको एकल हस्ताक्षरमा विभिन्न व्यक्तिका नाममा रकम भुक्तानी भएको देखिँदा अहिले नै लामिछाने प्रस्तुत वारदातमा कसुरदार होइनन् भन्ने अवस्था देखिएन
- मुद्दाका सिलसिलामा प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी पुर्पक्षको प्रयोजनका लागि ६० लाख रुपैयाँ धरौटी लिई तारिखमा राख्नू

# निकुञ्ज क्षेत्रमा पूर्वाधार निर्माण गर्न पाउने कानुन सर्वोच्चद्वारा खारेज

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सर्वोच्च अदालतको संवैधानिक इजलासले निकुञ्ज तथा संरक्षित क्षेत्रमा पूर्वाधार निर्माण गर्न पाउने कानुनलाई खारेज गरेको छ । गत वैशाखमा आयोजित लगानी सम्मेलनको पूर्वसन्ध्यामा अध्यादेश तथा संसद् सुरु भएपछि विधेयकमार्फत राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना अघि बढाउन पाउने प्रावधानसहित निकुञ्ज ऐन संशोधन गरेको थियो ।

निकुञ्ज र संरक्षित क्षेत्रभित्र पूर्वाधार निर्माण गर्न दिने गरी संसद्ले पारित गरी गत असारदेखि लागू भएको संशोधित ऐन खारेज गर्न परेको रिटमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्माको संवैधानिक इजलासमा सुनुवाइ भएको थियो । प्रधानन्यायाधीश राउतसहित न्यायाधीशहरू शर्मा र रेग्मीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनमा भएको संशोधनलाई खारेज गर्ने आदेश गरेका हुन् भने न्यायाधीश मल्लले केही फरक दृष्टिकोणसहित रिट जारी गर्ने आदेश गरेकी छन् । न्यायाधीश फुयालले भने संशोधित ऐन खारेज गर्न जरुरी नरहेको भन्दै रिट खारेज हुने आदेश दिएका छन् ।

गत वैशाखमा आयोजना भएको लगानी सम्मेलनको पूर्वसन्ध्यामा अध्यादेश तथा पछि 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१' मार्फत राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्र सम्बन्धित आधा दर्जन ऐन संशोधन भएका थिए । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा दफा ५क थपेर 'राष्ट्रिय निकुञ्ज, आरक्षण वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई अतिसंवेदनशील क्षेत्र तोक्न सक्ने' व्यवस्था गरिएको थियो । त्यस्तै दफा ६(१क) मा भनिएको थियो, 'अतिसंवेदनशील क्षेत्रबाहेकका क्षेत्रहरूमा प्रकृति र मानव सहअस्तित्व कायम हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न नेपाल सरकारले स्वीकृति दिन सक्नेछ । त्यस्तै मध्यवर्ती क्षेत्रमा आयोजना सञ्चालन गर्न सक्ने र स्वीकृति लिई पर्यापर्यटनलगायत अन्य उद्योग व्यवसाय सञ्चालन गर्न दिन सकिनेछ ।'

> संवैधानिक इजलासका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र मनोजकुमार शर्माको मतबाट ऐन खारेज
>
> वातावरण र विकासलाई परिपूरकका रूपमा हेरिनुपर्ने न्यायाधीश हरि फुयालको फरक मत, ऐनको उद्देश्य निकुञ्जको विनाश गर्नु हो भन्ने निष्कर्ष निकाल्न नसकिने राय

त्यसमध्ये केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को दफा ३ अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएका 'दफा ५क' र 'दफा ६(१क)' का व्यवस्थाहरू नेपालको संविधानको धारा ३० को उपधारा (३) समेतको विपरीत रहेकाले अमान्य र बदर घोषित गरी पाउँ भनी अधिवक्ता दिलराज खनाल, प्रकाशमणि शर्मालगायतले गत साउन १३ गते रिट दायर गरेका थिए । त्यसमाथि तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहितको संवैधानिक इजलासले साउन ३० मा अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

बुधबार अन्तिम सुनुवाइ गर्दै संवैधानिक इजलासले निवेदनहरूको माग बमोजिम ऐन खारेज गरेको हो । 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएको दफा ५क र दफा ६(१क) उल्लिखित संवैधानिक प्रावधानहरूसँग बाझिएको हुँदा निवेदन मागबमोजिम उक्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को दफा ३ अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएका दफा ५क र दफा ६(१क) नेपालको संविधानको धारा १३३ (१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर गरिदिएको छ,' सर्वोच्चको आदेशमा उल्लेख छ ।

'वातावरण दोहन गर्ने कामसँग सम्बन्धित भएकाले हामीले रिट हालेका हौं,' रिट निवेदकमध्येका एक अधिवक्ता शर्माले भने, 'खासगरी सगरमाथा क्षेत्रबाट निक्लने नदीको मुहानमै जलविद्युत् आयोजना निर्माण गर्ने उद्देश्यसहित केही समूह सक्रिय भएका थिए । त्यही योजनाअनुसार ऐन संशोधित हुन पुग्यो, सर्वोच्चको हस्तक्षेपले अब त्यो रोकिएको छ ।' **बाँकी पृष्ठ ६**




## भित्र

### निजी कम्पनीलाई प्रिमियममा आईपीओ ल्याउन सहज




- निजी कम्पनीलाई प्रिमियम मूल्यको सेयर जारी गर्दा कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र ३ वर्षको लेखापरीक्षण नचाहिने

## गजब छ बा ! अविन




अध्यादेश हैन... देशको पो कुरा गर्दैछ त !... रङ नम्बर भन्दिम्, पर्धानमन्त्रीज्यू ?!

# साइबेरियासम्मबाट आए ३४ प्रजातिका पानीचरा

### गत वर्ष ३२ प्रजातिका ५ सय ४३ पानीचरा भेटिएकामा यस पटक ३४ प्रजातिका २ हजार ३ सय ७४ पानीचरा गणना




तस्बिर : रमेशकुमार पौडेल/कान्तिपुर

**जलपन्छी गणना हुँदै गर्दा दिव्यनगर फाँटमाथि उड्दै गरेका विभिन्नखाले पानीचराको बथान ।**

**रमेशकुमार पौडेल** (चितवन)

सदरमुकाम भरतपुरदेखि २० किमि पश्चिममा छ दिव्यनगर । भरतपुर-मेघौली सडकदेखि केही तल धानखेती हुने फाँट छ । यही फाँटमा चिसो छल्न साइबेरियादेखि उडेर हजारौं पानीचरा आइपुग्छन् । केही पानीचरा सगरमाथाभन्दा पनि माथिबाट उडेर आउँदै यहाँ रोकिन्छन् ।

दिव्यनगर फाँटलाई मुकाम बनाएर साइबेरियादेखि आउने मुख्य पानीचरा हो- 'कमन क्रेन' अर्थात् लक्ष्मण सारस । त्यसलाई स्थानीयले क्याङकुरुङ भन्छन् । यो चरा दिव्यनगरमा आएर हिउँदभर बस्ने गर्छ । कैलाली र कहिलेकाहीँ कोशीटप्पुतिर केही दिन रोकिए पनि दिव्यनगरमै हिउँद बिताउने यो चरा आउने क्रम अचेल घट्दै गएको नेपाल पन्छीविद् संघका केन्द्रीय अध्यक्ष हठन चौधरीले बताए । **बाँकी पृष्ठ ९**




# तिमी आउनु त्यही बाटो, अरू आउनु साटो...

गायक सुजन चापागाईंले लोक र शास्त्रीय मिश्रित स्वरमा छुट्टै पहिचान बनाएका छन्



अंगद ढकाल

रीना मोक्तान (काठमाडौं)

सहजै गुनगुनाउन सकिने गीतहरूको भीडमा एउटा पृथक् आवाज । लोक र शास्त्रीय मिश्रित यो स्वर आफैंमा एउटा लय हो, धुन हो । सुरसँग सुजनले मितेरी गाँसिसके, तालसँग मित्रता ! यही सुर र तालको गहिरो साधनाबाट जन्मिएका गायक हुन्, सुजन चापागाईं । उनी युट्युब ट्रेन्डिङदेखि टिकटक लक्षित गरेर गीत बनाउँदैनन् । आफूलाई मनपर्ने गीत बनाउँछन्, गाउँछन् । कलामा हुनुपर्ने यस्तै तत्त्वले उनका गीत महिनौंसम्म युट्युब-टिकटकका ट्रेन्डिङमा पुग्छ । यी गीतले बिस्तारै हृदय-मस्तिष्क छुन्छ अनि महिनौंसम्म त्यही स्वाद जनजिब्रोमा अल्झिरहन्छ ।

एक महिनाअघि सुजनकै युट्युब च्यानलबाट बजारमा आएको 'एक्लै भएनी' ताजा उदाहरण हो । 'स्याड भर्सन' को यो गीतले एक महिनादेखि दर्शकको मन रुवाइरहेको छ। दुखेका मनहरू गीतका शब्द र भावमा समानुभूत हुन्छन् ।

सुजन आबद्ध 'आर्टमान्डु' ले अपनाउँदै आएको नौलो शैली हो- पहिला भिडियो खिच्ने अनि मात्र गीत लेख्ने। यही शैली नै 'एक्लै भएनी' मा पछ्याइएको छ। प्रेम वियोग, लामो दूरीका सम्बन्धले ल्याउने फाटो देखाउन यो गीतको भिडियो पहिला खिचिएको थियो । यही खिचिसकेको भिडियो हेर्दै गीतकार हर्क साउदले गीतका शब्द लेखे, सुजनले त्यसमा संगीत भरेर आवाज दिए । गीत बन्न ६ महिना लाग्यो । 'हेर्दा यो गीत हामीले गरिरहेको गीतभन्दा फरक शैलीको देखिन्छ । गीत बनाउन समय पनि लाग्यो। गीत स्याड छ, फिलिङको पनि कुरा हुन्छ, यो त मेरो मात्र कथा होइन। साइग्रेसको मेरो अधुरो प्रेमका मीठा तत्त्वहरू मिसाइएका छन्,' सुजन गीत निर्माणको समय सम्झन्छन् ।

यो गीतमा सुजनले दुखेको हृदय, पीडाभावलाई स्वरमार्फत प्रस्तुत गरेका छन् । गीतको अन्त्यमा तानिएको 'हाइनोट' मा त्यो पीडा बेस्सरी पोखिएको छ । त्यसका लागि सुटिङकै समयमा पनि उनले त्यो भावहरू बटुलेका थिए । रेकर्डिङको समयमा त्यसलाई व्यक्त गरिदिए। 'इस्टर्न क्लासिकल' संगीतलाई नेपाली दर्शकले त्यति चाख्न पाएका छैनन् भन्ने सुजनलाई लागिरहन्थ्यो । त्यही स्वाद पस्कने सोचसहित आवाजलाई त्यो नोटमा गीत गाइदिए। दुखेको मनको पीडा, गहिराइ र रोदनसम्मको भावमा पुग्दा स्वर्गीय आनन्द मिल्यो ।

शास्त्रीय संगीतको यस्तै स्वाद नै सुजनको पहिचान हो । अहिले यो गीतका भावमा दर्शकले आफूलाई भेटेका छन्, अन्तरसम्बन्धित पाएका छन् । 'कुनै व्यक्ति चरम पीडामा हुँदा उसले कस्तो अनुभव गर्छ त ? त्यही पीडालाई सुजनले हाइनोटमा गाउँदै आफ्नो गायकीमार्फत व्यक्त गरिदिएका छन् । स्याड भर्सनको यो गीत गाउँदै सुजनले आफूलाई भर्सटाइल सावित गरेका छन् । उसको आवाज रमाइलो शैलीका, रोमान्सदेखि स्याड भर्सनको गीतमा उत्तिकै फिट सुनिन्छ,' गीतकार हर्क सुजन तारिफ गर्छन् ।

अहिले सुजन दुई गीतले गद्गद् छन् । एउटा 'एक्लै भएनी', अर्को 'मखमली' । फिल्म 'ऊनको स्वीटर' मा समावेश यो गीत कौडा शैलीमा बनेको छ । फिल्मको कथा, परिस्थिति र पात्रहरूसहित संस्कृतिका पक्षहरू केलाउँदै 'मखमली' तयार पारिएको हो । 'मखमली चोलीमाथि, छड्के लायौ घलेकी- रूपै सुन्दर मेरी हजुर धपक्कै बलेकी' गीतका यी पंक्ति अहिले दर्शकबीच अत्यधिक रुचाइएको छ । सुजन 'ऊनको स्वीटर' सहित सन्तोष सेनको फिल्म 'बलिदान' मा पनि संगीत सम्हालिरहेका छन् ।

फिल्ममा संगीत निर्देशक हुँदा, पर्दामा देखिने पात्र, परिस्थितिलाई संगीतमार्फत उठाउनुपर्ने जिम्मा संगीत सम्हाल्नेहरूकै भागमा पर्ने सुजनको अनुभव छ । फिल्मको संगीत गर्दा छुट्टै मज्जा हुने सुजन बताउँछन् । पर्दामा देखिने पात्र आफू बनेर, ती पात्रको भावमा डुबेर संगीत गर्दा बेग्लै अनुभव भइहाल्छ नै। पात्र मात्रै नभई कथाको थिमअनुसारका संगीत, पार्श्व संगीतमा संगीत निर्देशकले फिल्ममा काम गर्नुपर्ने बुझाइ बढ्दै गएको छ । 'फिल्ममा त ३ घण्टाभित्र थुप्रै कथा व्यक्त गर्न सकिन्छ । जसरी कथाहरू बगिरहेका छन्, पात्रहरूले खोजिरहेको न्यायलाई संगीतमार्फत कसरी प्रस्तुत गर्न सक्छु त भनेर काम गर्छु । यसरी काम गर्दा मज्जा हुँदो रहेछ,' सुजनले हाँस्दै सुनाए ।

दुई फरक विधाका फिल्महरूमा फरक तरिकाले संगीत निर्माण गरेका हुन्, सुजनले। ऊनको स्वीटरमा संस्कृति, प्रेम र मिहिन भावना समाते, 'बलिदान' मा देशभक्त भाव, क्रान्ति महसुस गराउने संगीत भरे। 'ऊनको स्वीटरमा कोमल बन्छौं, उता बलिदानमा रुखो हुन्छौं । बलिदानमा धेरै कुराको विरोध गर्नुपर्नेछ, क्रान्ति गर्नुपर्ने हुँदा जोसिला गीतहरू तयार गर्‍यौं । बलिदानमा आएका गीतहरू मेरै लागि पनि नयाँ छन्,' सुजन दुईको भेद छुट्याउँछन् ।

'ऊनको स्वीटर' को चर्चा चुलिनुको पछाडि सुजनकै संगीत छ। 'फूल' बोलको फिल्मको गीतमा पनि गीतकार हर्क साउदले कवितात्मक शब्दहरू रचेका थिए- 'तिमीबिना तिमी हुनु, नछोएरै हरदम छुनु' । त्यो गीतका शब्दहरू मात्रै होइन, कोरसको गायन निकै सुन्दर ढंगले मिसाइएको छ । त्यसमा महिला पात्रको भावना, प्रकृतिलाई सुन्दर शब्दमा व्यक्त गरिएको छ । 'फूल' को सुरुवाती स्वरमा सुजनले जुन सुरु समातेका छन्, त्यसमै पनि उनको सशक्त गायकी झल्किन्छ ।

सुजनको यही प्रतिभालाई भने लकडाउनबीच 'तीनपाते' बाट दर्शकले देखेका/सुनेका हुन् । यस अर्थमा लकडाउन बिथोल्नै मात्रै आएको थिएन, यसले केही सुन्दर सम्भावना र प्रतिभाहरू चिनायो । 'आर्टमान्डु' का निर्देशक नवीन चौहानले उतिबेलै सुजनको आवाजको सम्भावना नापे । 'तीनपातेअघि ऊ अर्कै गीत गर्न आएको थियो । उसको आवाजको सम्भावना त्यतिबेलै देखिसकेको थिएँ,' निर्देशक चौहान सुजनसँगको पहिलो सहकार्य सम्झन्छन् ।

खासमा 'तीनपाते' मा उनीहरू व्यवसायको कथा देखाउन चाहन्थे । विदेश जानुपर्छ, विदेश जाने बाध्यता हो भन्ने नेपाली समाजमा, आर्टमान्डुले देशमै सम्भावनाहरू देखाउन यो भिडियो बनायो । त्यही कुरालाई शब्दहरूमा व्यक्त गरियो- 'आफैं मुस्काउ मुसुक्क, जुनतारा टिपी कोही दिँदैन ।' 'आफ्नो सपनालाई यहीँ बसेर पूरा गर्न सकिन्छ । परिश्रम त जहाँ बसे पनि गर्नुपर्छ । नेपालको व्यवसाय देखाउँदै युवालाई यही देशमा सम्भावना छ भन्ने सन्देश दिने सोचले तीनपातेको कन्सेप्ट तयार गर्‍यौं,' सुजनले भने, 'तीनपाते नाम त पछि मात्रै नामकरण गरिएको हो । भिडियोको कन्सेप्ट बनाउँदै गर्दा हर्क दाइले शब्दहरू लेख्दै हुनुहुन्थ्यो । अनि भिडियोको सबै सुटिङ सकेपछि गीतका बाँकी काम सकायौं ।'

'तीनपाते' व्यापक चल्छ भन्ने सोचिएकै थिएन । जसरी निर्देशक चौहानले भिडियोमार्फत कथा भन्न चाहन्थे, संगीतमार्फत सुजन पनि आफ्नो संगीतको भाषा दिन चाहन्थे। तर, गीत चल्यो, गीतसँगै सुजन चले । 'तीनपाते' पछि भने सुजन दर्शकबीच हिट मात्रै भएनन्, त्यसयता उनले जति गीत गाएका छन् सबै रुचाइएका छन्। सबै गीतहरूको चर्चालाई फर्केर हेर्दा आफूलाई भाग्यमानी ठान्छन्, उनी ।

उनलाई संगीत निर्माणमा हतारो हुँदैन । संगीत निर्माणको त्यो धिमा गतिमै उनी रम्छन् । गीत रिलिजअघिको समय तनावपूर्णजस्तै भए पनि, रिलिजपछि भने एक किसिमको ढुक्क हुन्छ । 'सार्वजनिक गर्नुअघि गीतमा सबै पक्षबाट हेर्छौं, विचार पुर्‍याउँछौं । चाहे त्यो गीतका शब्द हुन् या संगीत संयोजन । आफ्नै गीतमा म कम्पोजरका रूपमा काम गर्छु । तर, कम्पोजर पछि त म गायक हुन्छु । त्यतिबेला कम्पोज भएर राखिएका कति तत्त्वले गर्दा आफ्नै कम्पोज गाउन गाह्रो हुन्छ । फेरि अभ्यास गर्नुपर्छ,' सुजन सुनाउँछन्, 'समय दिँदैमा गीत राम्रो निक्लिन्छ भन्ने होइन, कति कुरा छोटो समयमै हुन्छ । कलालाई समय चाहिन्छ ।'

गीत सिर्जना गर्दा उनी संगीतकारका रूपमा संगीत भर्छन्, गायनको तनाव लिँदैनन् । संगीतकारका रूपमा मीठा तत्त्वहरू मिसाउँछन् । त्यसैमा स्वर दिँदा भने आफैंलाई गाउन अप्ठ्यारो परेको अनुभव उनको छ। 'गीत सार्वजनिक भएपछि एकदमै थकाइ लागेजस्तो हुन्छ । तर दर्शकको प्रतिक्रिया आएपछि खुसी हुन्छौं,' सुजनले भने ।

लोकशैली सुन्ने मन भएकै कारण सुजनले 'घुमीघुमी' बनाएका हुन् । झलकमान गन्धर्वका गीतहरूमा उनी त्यो शैलीको मज्जा लिन्थे । तर, बीचमा त्यसको अभाव खट्किरह्यो। त्यसैले आफैंले त्यो शैली मिसाउँदै गीत बनाए । १७ मिनेट लामो यो गीतको भिडियो पनि पहिल्यै तयार भइसकेको थियो । गज्जबको कुरा के छ भने, धिमा शैलीको यो गीतलाई मञ्चमा उति नै समय लिएर सुजनले प्रस्तुति गर्दा यो गीतमा दर्शकले त्यति नै समय एकाग्र भएर मनोरञ्जन लिइरहेका हुन्छन् ।

अस्ट्रेलिया प्रस्तुतिपछि उनले दर्शकहरूलाई गीत लामो लाग्यो कि भनेर सोधेका पनि थिए । तर दर्शकहरूले छक्क पर्दै उल्टै '१७ मिनेट पो थियो ?' भनेपछि उनलाई थप ऊर्जा मिलेको थियो। अस्ट्रेलियाको त्यही प्रस्तुतिबीच नै 'फूलथुंगे रानी' सार्वजनिक गरिएको थियो । गीतका शब्द, भिडियो र सुजनको गायकीले यो गीत निकै रुचाइए ।

सुजनलाई लाग्छ, लोकशैलीले नै नेपालका संगीतलाई विश्व बजारमा पुर्‍याउन सकिन्छ। नेपाली माटो, मौलिक संगीतमा विश्व बजारका केही तत्त्व मिसाउँदै नेपाली संगीतलाई विश्व बजारमा पुर्‍याउन सकिने धारणा राख्छन् उनी । 'हाम्रो संगीतको आत्मा त लोक नै हुनुपर्छजस्तो लाग्छ। लोकले त नेपाली भाका, नेपालीपन झल्किन्छ। त्यसमा अरू रङ, रस मिसाउँदा भइहाल्यो,' उनले भने, 'हाम्रो नेपाली संगीतको पहिचान लोक नै हो ।'

सुजन आफैं पनि लोक संगीत सुन्दै हुर्केका हुन् । भजन गाउँथे, आमा पनि गाउनुहुन्थ्यो । विद्यालयमा पनि लोकगीत गाउँथे । 'संगीत गर्न सक्छु कि' भन्ने भावले नै सुजनलाई संगीत सिक्न लगायो । नेपाल आइडलको प्रांगण दुई पटक टेक्न लगायो । अहिले उनलाई संगीत नै गर्छु भन्ने ऊर्जा छ। 'एसएलसीसम्म आइपुग्दा संगीत सिक्नुपर्छ भन्ने भयो। अहिलेसम्म आइपुग्दा संगीतको बाटोमा आइपुग्दा मलाई दुःख छैन । पछुतो छैन । बल्ल नेपाली संगीतका लागि केही गर्नुपर्छ है भन्ने भएको छ,' उनले भने, 'संगीतले नै ठूलो ठाउँतिर पुर्‍याओस् भन्ने सोच छ ।'

शास्त्रीय संगीत सिक्दै आएका सुजनलाई पहिल्यैदेखि लामो स्वर तान्ने गीतहरूले लोभ्याउँथ्यो । त्यसैले अहिले उनी शास्त्रीय संगीत सिक्दै छन् । गीतहरूको अभ्यास गरिरहेका छन् । सुजनको दिमागमा हरबखत संगीत हुन्छ ।

भिडियो हेर्न स्क्यान गर्नुहोस्

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष**: सकारात्मक सोचले सबै कुरा सहज बन्दै जानेछ । कुनै कामविशेषले कतै जानुपर्नेछ । घरमा कसैको आगमन हुन सक्छ ।

**वृष**: कसैको कुनै कुरा मनमा खट्किन सक्छ । बोलीवचन र व्यवहारमा सजग रहनुपर्नेछ । आफूले नजानेको कुरामा चासो नदिएकै बेस होला ।

**मिथुन**: आत्मीयजनको साथले काममा सहयोग पुग्नेछ । सबै कुरा यथायोग्य रूपमा सम्पन्न हुँदै जानेछ । भनेअनुरूप काम सम्पन्न हुँदा मन प्रसन्न रहनेछ ।

**कर्कट**: सामाजिक कार्यमा संलग्न हुने मौका मिल्नेछ । कुनै कामले कुनै कामलाई टार्नुपर्ने हुन सक्छ । प्रायः सबै कुरा आफ्नै मातहतमा सम्पन्न हुनेछ ।

**सिंह**: अरूले भने गरेका कुरालाई बुझ्ने प्रयास गरिनेछ । सकेसम्म कम बोलीमै काम सक्न खोजिनेछ । कुनै कुराले मन सन्तुष्ट रहनेछ ।

**कन्या**: तपाईंको वाक्पटुता र कार्यकुशलताको समाजमा चर्चा हुन सक्छ । विभिन्न ठाउँबाट निमन्त्रणा पाइनेछ । समयसन्दर्भ विचारी उपस्थिति जनाउने प्रयास हुनेछ ।

**तुला**: कुनै कुरामा राम्रो उपलब्धि प्राप्त हुनेछ । प्रायः सबै काम आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछ । कुनै कुराले गर्दा मन ढुक्क हुनेछ ।

**वृश्चिक**: कुनै बहुप्रतीक्षित कार्यमा सफलता मिल्नेछ । आत्मीयजनको साथ र सद्भावले काममा सहजता हुनेछ । कुनै आर्थिक क्रियाकलापका काममा आबद्ध रहनुपर्ला ।

**धनु**: कुनै कुराको उत्तरदायित्व बहन गर्नुपर्ला । बेलामौका विचारी कुनै काम टार्नुपर्ला । रक्तचापका बिरामीले आहारविहारको ख्याल गर्नुपर्ला ।

**मकर**: थकित तनका कारण काममा जाँगर नलाग्न सक्छ । नगरी नहुने कुरामा जोड दिइनेछ । सकेसम्म आफूलाई क्रियाशील राख्न खोजिनेछ ।

**कुम्भ**: कुनै कुराले गर्दा मनले सन्तुष्टिको अनुभव गर्नेछ । निम्तालुका रूपमा कतै जानुपर्नेछ । सबै कुरा सोचेअनुरूप सम्पन्न हुनेछ ।

**मीन**: विविध कुरामा संलग्न रहनुपर्नेछ । सबै काम सम्पन्न हुँदा मन खुसी हुनेछ । इच्छाअनुसारका काममा समय दिन पाइनेछ ।

# सरकारविरुद्ध मोर्चाबन्दी गर्दै विपक्षी

## हिउँदे अधिवेशन तत्काल बोलाउन माग, नबोलाए सडक संघर्ष गर्ने चेतावनी

**गंगा बीसी** (काठमाडौं)

सरकारबाहिर रहेका राजनीतिक दलहरूले संसद्‌को हिउँदे अधिवेशन सरकारले तत्काल नबोलाए सडक संघर्ष गर्ने उद्‌घोष गरेका छन् । उनीहरूले संसद् छलेर अध्यादेश ल्याउने सरकारको कदमको विरोध पनि गरेका छन् ।

संसद्‌मा भएका ६ विपक्षी दल र समाजवादी मोर्चाको बुधबार सिहंदबारमा छुट्टाछुट्टै बैठक भएको थियो । माओवादीको संसदीय दल कार्यालय सिंहदरबारमा बुधबार बिहान बसेको विपक्षी दलको बैठकले सरकार अलोकतान्त्रिक र स्वेच्छाचारी ढंगले अघि बढेको निष्कर्ष निकालेको छ । दुई दलीय शासन ल्याउन सरकारले कानुन नै संशोधन गर्न खोजेको भन्दै विपक्षी दलहरूले आपत्ति जनाएका छन् ।


प्रमुख प्रतिपक्ष माओवादीको संयोजनमा भएको बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओली संसद्‌लाई कमजोर बनाउन अध्यादेशको बाटोमा अघि बढेको टिप्पणी गरेका थिए । सरकार आफ्नै कारणले संकटमा पर्दै आएको उनीहरूको दाबी थियो । विपक्षी दलको बैठकमा माओवादी, एकीकृत समाजवादीका साथै राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, आम जनता पार्टी र नेपाल समाजवादी पार्टीका नेता सहभागी थिए ।

विपक्षी दलको बैठकपछि माओवादी उपमहासचिव वर्षमान पुनले भने, 'सरकारले नियमित संसद् अधिवेशन नबोलाएर अध्यादेशमार्फत स्वेच्छाचारी ढंगले शासन चलाउने रबैया देखाएका कारण ६ दल एकै ठाउँमा आइपुगेका छौं ।' उनका अनुसार बैठकले हिउँदे अधिवेशन तत्काल बोलाएर कानुन निर्माणमा लाग्नुका साथै जनसरोकारका विषयमा छलफल गर्नुपर्नेमा जोड दिएको छ । महँगी र भ्रष्टाचार अनियन्त्रित बन्दै गएको पनि विपक्षी दलको निष्कर्ष छ । 'दुई पार्टी कांग्रेस र एमाले मिलेर गणितीय हिसाबले सहज स्थितिमा रहेका बेला जनताका आवाज र भावनाविरुद्ध काम हुँदै गएका छन् । यसलाई खबरदारी गर्न र जनताका सरोकारका विषय संसद्‌मा छलफल गर्न जरुरी छ,' माओवादी उपमहासचिव पुनले भने । जनप्रतिनिधिको संस्थालाई छलेर सरकारले काम गरिरहे प्रतिपक्षी दलहरूले विशेष अधिवेशन आह्वानको माग राख्ने तयारी रहेको पनि उनले जानकारी दिए ।

समाजवादी मोर्चाको बुधबार अपराह्न बसेको बैठकले सरकारको कदमविरुद्ध माघ १६ मा राजधानीमा प्रदर्शन गर्ने निर्णय गरेको छ । संसद्‌मा नभएको नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दको अध्यक्षतामा मोर्चाका बैठक बसेको हो । सहिद दिवसका अवसरमा काठमाडौंमा हुने विरोध प्रदर्शनमा मोर्चाका शीर्ष नेताले सम्बोधन गर्ने तय भएको छ ।

विपक्षी दल र समाजवादी मोर्चाको दुवै बैठकमा सहभागी नेपाल समाजवादी पार्टीका नेता गंगानारायण श्रेष्ठले संसद्‌मा रहेका र नरहेका विपक्षीबीच मोर्चाबन्दी गरेर सरकारका गलत कार्यको प्रतिवाद गर्ने निर्णय भएको बताए । 'संसद्‌लाई छलेर अध्यादेशमार्फत शासन गर्नु लोकतान्त्रिक पद्धति होइन । समानुपातिकतर्फ थ्रेसहोल्ड ५ प्रतिशत राख्ने गरी विधेयकको मस्यौदा तयार गरिएको कुरा छ,' उनले भने, 'यसबाट नेपालमा दुई दलीय व्यवस्था ल्याउन खोजेको देखियो । विपक्षी दल सबैले यसको विरोध गर्ने निर्णय भएको छ ।'

### 'यथोचित समयमा संसद् अधिवेशन हुन्छ'



अंगद ढकाल

प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक विधेयकमा सरकारले धमाधम काम गरिरहेकाले संसद् अधिवेशन आह्वान नगरिएको बताएका छन् । उनले उचित समयमा हिउँदे अधिवेशन बोलाउने उल्लेख गरे । अति आवश्यक परेका कारण अध्यादेश ल्याएको तर्क पनि प्रधानमन्त्री ओलीले गरेका छन् ।

प्रधानमन्त्री कार्यालय सिंहदबारमा आयोजित अध्यादेशका विषयवस्तु सार्वजनिकीकरण कार्यक्रममा ओलीले कांग्रेस र एमालेको शीर्ष नेतृत्व, कर्मचारीतन्त्रको शीर्ष नेतृत्व र विज्ञको राय, उद्यमी-व्यवसायीको समस्या सुनेर र सबै पक्षको ध्यान दिएर अध्यादेश ल्याइएको बताए । 'हामीबीचमा एउटा अक्षरमा पनि असहमति छैन, पूर्ण सहमतिका साथ यी अध्यादेश आएका छन्,' उनले भने ।

उनले समाजवादी मोर्चालाई आन्दोलन गर्ने अधिकार रहेको उल्लेख गर्दै सरकार ढाल्न खोज्ने दुस्साहस भने नगर्न चेतावनी दिए । 'सरकार परिवर्तन गर्न सक्छु भन्नेहरूले विशाल नदीको किनारामा बसी साना ढुंगा फ्याँकेर नदी थुन्ने भनेजस्तो हो,' उनले भने, 'मोर्चाले आन्दोलन गर्ने रे सुनिराखेको छु । यो अधिकारको कुरा हो, म सम्मान गर्छु । सभ्य क्रियाकलाप गर्नुहोस् भन्ने मेरो सुझाव हो ।'

सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर पार्टी फुटाउन खोजेको आरोपको ओलीले खण्डन गरे । 'अध्यादेश कसैका विरुद्ध ल्याउने होइन । हामीलाई अरूको दल फुटाउनु छैन,' उनले भने, 'एमाले र कांग्रेसको सरकार काम गर्नका लागि बनेको हो । सरकार सुशासन र विकास अघि बढाउन केन्द्रित छ । समृद्ध नेपाल, सुखी नेपाली नभएसम्म दिउँसो, राति, बिहान काम गर्छौं । हामीले विद्यालय चलाएको होइन । सरकार चलाएको हो ।' उनले कांग्रेस र एमालेबीच सहकार्य सुदृढ ढंगले अघि बढेको पनि बताए ।

मन्त्रिपरिषद्‌ले अध्यादेश ल्याउने निर्णय मध्यरातमा गरेकामा अनेक टिप्पणी आइरहेकोप्रति लक्ष्य गर्दै ओलीले कुनै कानुन राति बनाउन नपाइने भन्ने प्रावधान नरहेको जनाए । 'राति पनि काम गर्न पाइन्छ । बत्ती बालेरै काम गरिएको हुन्छ । अक्षर अंक देखेरै पास गरेको हो,' उनले भने । संसद् अधिवेशन सुरु हुनासाथ विधेयकहरू पेस गरिने उनले जानकारी दिए । 'विधेयकको तयारी गर्दै छौं, व्यवस्थित गर्दै छौं,' उनले भने, 'प्रतिनिधिसभा बैठक सुरु भएको पहिलो दिन नै अध्यादेशहरू संसद्‌मा प्रस्तुत गर्छौं । ६० दिनभित्र प्रतिस्थापन विधेयक ल्याएर अध्यादेश पारित गर्छौं ।'

# देउवाले बोलाए कांग्रेसका मन्त्रीको बैठक

## मन्त्रीसँगको समीक्षा बैठकलगत्तै पार्टी संसदीय दलको बैठक बोलाउने तयारी

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

कांग्रेसले सरकारमा सहभागी आफ्ना मन्त्रीहरूको कामकारबाही समीक्षा गर्न बैठक बोलाएको छ । कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले पार्टीबाट सरकारमा सहभागी १० मन्त्री र २ राज्यमन्त्रीसँग बिहीबार बिहान आफ्नै निवास बूढानीलकण्ठमा समीक्षा बैठक राखेका हुन् ।

बैठकमा मन्त्रीहरूका अतिरिक्त पार्टीका उपसभापति पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीहरू गगन थापा र विश्वप्रकाश शर्मा, राष्ट्रिय सभा संसदीय दलका नेता कृष्णप्रसाद सिटौला, प्रतिनिधिसभा संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरे, सचेतक सुशीला थिङ, राष्ट्रिय सभा संसदीय दलका सचेतक कृष्णबहादुर रोकायालाई पनि बोलाइएको छ । सरकारमा सहभागी भएको ६ महिनामा मन्त्रीहरूले गरेको कामकारबाहीका विषयमा बैठकमा समीक्षा हुने महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिए । 'केही मन्त्रीले राम्रो काम गर्ने संकेत दिइरहनुभएको छ । केही मन्त्रालयमा अलमलिएको जस्तो देखिएको छ,' उनले भने, 'विवाद बढी उठेका मन्त्रीका बारेमा पनि जानकारी लिने र समीक्षा गर्ने काम हुन्छ ।'

गृहमन्त्री रमेश लेखकले भने संसदीय दलको कार्यसमिति र मन्त्रीहरूबीच अन्तरक्रिया गर्न बैठक डाकिएको बताए । 'यो संसद् बैठक बस्नुअघिको वामवर्क बैठक हो, मन्त्रीहरूले के-के काम गरिरहनुभएको छ भनेर जानकारी गराउने कुरा पनि छ,' उनले भने । संसदीय दलका प्रमुख सचेतक घिमिरेले हिउँदे अधिवेशनको पूर्वसन्ध्यामा मन्त्रीको कामलाई लिएर दलको नेताले छलफलमा बोलाउनु सकारात्मक भएको बताए । 'बैठकमा मन्त्रीहरूको कामको समीक्षा त हुन्छ नै, हिउँदे अधिवेशनमा अघि बढाउने विधेयकहरूको स्थितिका बारेमा पनि छलफल हुन्छ,' उनले भने, 'मन्त्रीहरूसँगको समीक्षा बैठकलगत्तै पार्टीको संसदीय दलको बैठक बोलाउने तयारी छ ।'

कांग्रेसका अर्का एक पदाधिकारीले कतिपय मन्त्रीको कामकारबाहीलाई लिएर पार्टीभित्रै प्रश्न उठिरहेकाले गम्भीर समीक्षा जरुरी भएको बताए । 'मन्त्री एकपछि अर्को प्रकरणमा तानिँदै गर्दा त्यसले सरकार र पार्टीको साख नै धमिल्याउने चिन्ता पार्टीभित्र देखिएको छ,' उनले भने । ऊर्जा क्षेत्रमै लगानी गरेका व्यवसायी दीपक खड्कालाई स्वार्थ बाझिने ऊर्जामन्त्री बनाइएदेखि नै प्रश्न उठिरहेको छ । नेपाल स्काउटको जग्गा सम्झौतामा तोकिएभन्दा बढी प्रयोग गरेर पूरा भाडा नतिरेका खड्का विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने प्रयासमा छन् ।


व्यावसायिक रूपमा आकर्षक मानिएको १९०२ मेगावाटको जलाशययुक्त मुगु कर्णाली कांग्रेस सांसद तथा उद्योगपति विनोद चौधरीको कम्पनी र ४५४ मेगावाटको किमाथांका अरुण परियोजना कांग्रेसकै अर्का सांसद सुनील शर्माको कम्पनीलाई दिने गरी रातारात प्रक्रिया अघि बढाइएकामा पनि ऊर्जामन्त्री खड्कामाथि आलोचना भइरहेको छ । जगदुल्ला जलविद्युत् आयोजनाको १६ अर्बको ठेक्कामा मिलेमतो गराउन ठेकेदारहरूबीच चेक लेनदेन गराउने कामको मध्यस्थता गरेको आरोपसमेत उनीमाथि लागेको छ ।

सरकारमा कांग्रेसबाट पार्टीका पूर्वउपसभापति प्रकाशमान सिंहले नेतृत्व गरेका छन् । प्रधानमन्त्रीपछिको बरियतामा रहेका सिंहले उपप्रधान तथा सहरी विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् । सरकारमा पार्टीको नेतृत्व लिने मन्त्रीकै काम प्रभावकारी हुन नसकेको गुनासो पार्टीभित्र छ । कांग्रेसबाट गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री आरजु राणा देउवा, युवा तथा खेलकुद तेजुलाल चौधरी, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही छन् । वन तथा वातावरण मन्त्रालयमा रूपा विक र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पूर्णबहादुर तामाङ राज्यमन्त्री छन् ।



**बढी विवाद परेका मन्त्रीका बारेमा पनि जानकारी लिने र समीक्षा गर्ने काम हुन्छ**

**विश्वप्रकाश शर्मा**
महामन्त्री

सम्पादकीय

## चिकित्सक पलायनको तथ्यांकले दिएको चेतावनी

एउटा बस्तीबाट अर्को बस्ती, एउटा क्षेत्रबाट अर्को क्षेत्र र एउटा देशबाट अर्को देश बसाइँ सर्नु मानव सभ्यताको नियमित अभ्यास हो । सुविधा, अध्ययन, रोजगारी र उद्यमको खोजीका लागि देशभित्रै वा बाहिर चलायनमान भएकैले मानव जाति उन्नत र समृद्ध भएको हो । यस्तो ओहोरदोहोरले नै ज्ञान, सीप, संस्कृति, विचार, सञ्चार र प्रविधिमा मानवले प्रगति गरेको हो । त्यसैले विदेश जाने विषयमा निरपेक्ष रूपमा नकारात्मक टिप्पणी गर्नु वाञ्छनीय हुँदैन । तर खास देशका मानिसहरू विदेश जाने विषयलाई नै आफ्नो मुख्य लक्ष्य बनाइरहेका छन् भने त्यो समाज र राज्यका लागि चिन्ताको विषय हो । जस्तो कि, सन् २०२३ मा मात्रै २३ सय १८ जना चिकित्सक विदेश गएका छन् जबकि त्यो वर्ष जम्मा २६ सय ९२ जना नयाँ चिकित्सक मेडिकल काउन्सिलमा दर्ता भएका छन् । यसरी देशभित्र वर्षमा जति चिकित्सक उत्पादन हुन्छन्, त्यति नै विदेश पलायन हुन्छन् भने मान्नुपर्छ- हाम्रो स्वास्थ्य क्षेत्रले विपत्को प्रतीक्षा गरिरहेको छ ।

चिकित्सक तथा स्वास्थ्यकर्मीको सेवासुविधा सुधारसम्बन्धी अध्ययन गर्न गठित कार्यदलले आइतबार स्वास्थ्यमन्त्री प्रदीप पौडेललाई प्रतिवेदन बुझाएको छ । प्रतिवेदनले संकलन गरेको तथ्यांकअनुसार गत वर्ष मात्र होइन, पछिल्ला चार वर्षमा नयाँ दर्ता हुने चिकित्सकको अनुपातमा विदेश जानेको संख्या बढ्दै गएको देखिन्छ । सन् २०२० मा २१३१ जना नयाँ दर्ता हुँदा ७६९ जना विदेश गएका थिए । सन् २०२१ मा १७१६, २०२२ मा २०८५ र २०२३ मा २६९२ नयाँ चिकित्सक दर्ता भएका थिए । तत्तत् वर्ष क्रमशः १३२७, १९५४ र २३१८ जना विदेश गएका छन् । त्यस्तै, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) महाराजगन्ज क्याम्पसबाट एमबीबीएस उत्तीर्ण गरेका विद्यार्थीहरूबीच गरिएको सर्वेक्षणमा सहभागी भएका ४३ मध्ये ४१ जनाले विदेश जान परीक्षामा नाम दर्ता गराइसकेको पाइएको छ । व्यक्ति विशेषको छनोट अधिकारलाई सम्मान गर्नुको विकल्प राज्यसँग छैन । तर चिकित्सकको विदेश पलायनको प्रवृत्तिलाई सामन्यीकरण गर्ने हो भने यो देशमा कोही पनि बस्न चाहँदैन भन्ने भाष्य झन् स्थापित हुनेछ ।

चिकित्सक बन्ने प्रक्रिया तुलनात्मक रूपमा कठिन र खर्चिलो छ । यसका लागि सम्बन्धित व्यक्तिको कठोर परिश्रम, समय लगानी भएको हुन्छ । परिवार र राज्यको आर्थिक लगानी पनि उच्च हुन्छ । यसरी तयार हुने चिकित्सक बाहिरिने हो भने एउटा दक्ष जनशक्ति मात्रै बाहिरिँदैन, सम्बन्धित सबैको लगानीको प्रतिफलबाट पनि समाज र राज्य वञ्चित हुन्छ । अर्कोतिर, यसरी बाहिरिने जनशक्ति युवा वा सक्रिय उमेरका हुने गर्छन्, जोसँग अध्ययन र काम गर्ने हुटहुटी उच्च हुने गर्छ । यस्ता जनशक्ति बाहिरिँदा नेपालले जनसांख्यिक लाभ लिने अवसर पनि गुमाउँछ । राज्यले गम्भीर हुनुपर्ने यस्ता अनेकौं कोणहरू छन् । उसले व्यक्तिविशेषलाई बाध्यकारी ढंगले रोक्ने होइन, यहीं नै भविष्य राम्रो हुन्छ भनेर विश्वास गर्न सक्ने आधार निर्माण गर्नुपर्छ । त्यो प्रयत्न नै दिगो हुनेछ ।

सरकारले गठन गरेको समितिको प्रतिवेदनमा चिकित्सक विदेश जान चाहने केही कारण उल्लेख छन् । मुख्यतः न्यून तलब र सुविधा, अध्ययन-अनुसन्धान र वृत्ति विकासमा प्रोत्साहनको अभाव, स्वास्थ्य संस्थामा भइहरने हिंसाका घटना र परिष्कृत स्वास्थ्य संस्थाको अभावजस्ता कारणले उनीहरूलाई विदेश धकेलिरहेको छ । चिकित्सा क्षेत्रसँग जोडिएका व्यक्तिले व्यक्तिगत रूपमै राखिरहेका अनुभवजन्य धारणालाई पछ्याउने हो भने उल्लेखित कारण सही नै लाग्छन् । जस्तो कि, एमबीबीएस अध्ययनका लागि ४५ लाख ९५ हजार ७२० रुपैयाँ लाग्छ । तर उसको न्यूनतम मासिक तलब स्केल (ग्रेडबाहेक) भने ४८ हजार ७३७ मात्रै छ । उच्च लगानीबाट तयार हुने जनशक्तिले पाउने यो तलब असाध्यै कम हो । स्वाभाविक हो, त्यही जनशक्ति विशेष जाँदा कैयौं गुना बढी तलब र सुविधा पाउँछ । व्यक्तिगत क्षमताको प्रस्फुटनदेखि नयाँ सीप सिक्ने पाउने अवस्था पनि यहाँ असाध्यै न्यून छ ।

चिकित्सा पेसामा मात्रै समस्या छ भन्ने अवश्य होइन । जुनसुकै पेसालाई केन्द्रमा राखेर बहस गरे समस्या र सम्भावनाको लामो सूची तयार गर्न सकिन्छ । त्यसैले राज्यको प्राथमिक दायित्व हरेक पेसासँग जोडिएको जनशक्तिलाई सकारात्मक सम्भावनाको आभास दिलाउनु हो । कुनै पनि व्यक्तिले सकारात्मक व्यक्तित्व र सुरक्षित भविष्यको सम्भावना देखे मात्र राज्यका लागि योगदान गर्न सक्छ । तर वर्षमा २३ सय चिकित्सक बाहिरिएको तथ्यांकको स्पष्ट सन्देश छ- दक्ष जनशक्तिका लागि पनि उत्साहजनक छैन । चिकित्सा क्षेत्रलाई मात्र होइन, समग्र सामाजिक मनोविज्ञानलाई नै सकारात्मक मार्गमा डोऱ्याउन सरकारले तुरुन्तै हस्तक्षेपकारी नीति अवलम्बन गर्न जरुरी छ ।

# संविधानको कसीमा नीतिगत भ्रष्टाचार



राजुप्रसाद चापागाईं



जनहितको नाउँमा व्यवस्था परिवर्तन पटक-पटक गरिए । आम जनताको समृद्धिको आकांक्षा भने जहाँको त्यहीँ छ । त्यसमा तुषारापात गर्ने कुशासनको बिगबिगी थामिएको छैन । बरु सर्वत्र फैलिँदै र झाँगिँदै छ । भ्रष्ट मुलुकको दाग मेटिने होइन, झनै गाढा बन्दै गएको छ ।

यसो हुनुको एउटा कारण उच्च राजनीतिक तहबाट हुने भ्रष्टाचारले संरक्षण पाउनु नै हो । भ्रष्टाचारप्रति शून्य सहनशीलता नारामा सीमित हुनु र भ्रष्टाचारीप्रति राज्यको सहनशीलता बढ्नु हो । सामाजिक न्याय र समतामूलक समृद्धिको मार्गमा चुनौतीको पहाड बनेको कुशासन अन्त्य राष्ट्रिय अभीष्ट हो । तर, यसका लागि दृढ राजनीतिक इच्छाशक्तिको खडेरी भने कायमै छ । त्यसो नभएको भए नीतिगत निर्णयको खोल ओढाएर अख्तियार दुरुपयोग गर्नेलाई उन्मुक्ति दिन दुरुपयोग हुँदै आएको त्रुटिपूर्ण व्यवस्था (आयोग ऐन २०४८ को दफा ४(ख) प्रचलनमा रहने थिएन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को तेस्रो संशोधन विधेयक, २०७६ अहिले राज्य व्यवस्था समितिमा विचाराधीन छ । संघीय मन्त्रिपरिषद् र त्यसका समितिका सामूहिक नीतिगत निर्णयमा प्रश्न उठाएर अख्तियार दुरुपयोगको अनुसन्धानबाट उन्मुक्ति दिन दुरुपयोग हुँदै आएको दफा ४(ख) सच्याउन पो उक्त विधेयकको उपयोग गरिनुपर्ने थियो । ठीक उल्टो, संघीय मन्त्रिपरिषद्को तहमा सीमित रहेको उन्मुक्तिलाई प्रदेश मन्त्रिपरिषद्को तहसम्म विस्तार गर्ने प्रस्तावसमेत विधेयकमा छ ।

संघीय मन्त्रिपरिषद्का निर्णयलाई बिनाकिन्तु-परन्तु अनुसन्धानको दायराभित्र समेट्नुपर्ने माग संसद्भित्र र बाहिरबाट उठेको छ, जुन जायज छ । यति नै बेला त्यसो गर्न प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको असहमति रहेको तथ्य बाहिरिएको छ । दुई शीर्षकै अप्ठेऱ्याइँले संशोधन विधेयक अगाडि बढाउने काम समितिमा अल्झियो भनिएको छ । तर, यो समाचारको कसैबाट खण्डन भएको देखिएको छैन । यसले दफा ४(ख) को कानुनी उन्मुक्तिका मुख्य लाभग्राही शीर्ष नेता नै हुन् र उनीहरू भविष्यमा पनि त्यसबाट लाभ उठाउनकै लागि त्रुटिपूर्ण प्रबन्ध जोगाउन चाहन्छन् भन्ने तर्कलाई नै बल पुगेको छ । यो नितान्त गम्भीर कुरा हो ।

सार्वभौम संसद्को समिति दुई शीर्ष नेताको इच्छाको कैदी बन्ने कि सामूहिक विवेकका आधारमा अगाडि बढ्ने ? अहिले परीक्षाको घडी आएको छ । शीर्ष नेताले विधेयकका विषयवस्तुबारे आफूलाई लागेको धारणा समितिसमक्ष राख्नु स्वाभाविक होला । तर, त्यसले नै समितिलाई 'डिक्टेट' गर्नु वा उनीहरूको पोजिसनलाई समितिले भिटोका रूपमा स्वीकार गर्नु किमार्थ जायज हुँदैन । शीर्षको पछाडि लागेर सामूहिक विवेकलाई परित्याग गर्नु जनप्रतिनिधि संस्थाको जन्मदाता सार्वभौम जनताप्रतिको नै अनादर हुन्छ ।

हेक्का रहोस्, समिति निर्देशित हुने भनेको संविधानको मर्म र भावनाबाट हो । नेपालले अनुमोदन गरेको भ्रष्टाचारविरुद्धको महासन्धिअन्तर्गतको दायित्वबाट हो । आम नेपाली जनताको सुशासनको वैध आकांक्षाबाट हो ।

अहिले हामी नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत शासित छैनौं । यति बेला द्वन्द्वोत्तर लोकतान्त्रीकरणको अवस्थाबाट हामी गुज्रँदै छौं । सरकार, संसद् र दलहरू जननिर्वाचित संविधानसभाबाट स्थापित संविधानवादका मान्यता मातहत छन् । तिनले विगतको सशस्त्र संघर्ष र अनेकौं राजनीतिक तथा सामाजिक आन्दोलनको अन्तरनिहित कारणका रूपमा रहेका भ्रष्टाचार र कुशासनलगायतका समस्याहरूको यथोचित सम्बोधन गरेर दिगो शान्ति र समृद्धिका लागि भूमिका खेल्नुपर्छ ।

विगतका संविधानहरूको तुलनामा वर्तमान संविधानले अंगीकार गरेका सुशासनका मान्यता उन्नत देखिन्छन् । भ्रष्टाचार र कुशासनविरुद्धका प्रत्याभूति सुदृढ छन् । यसबीच २०६८ पुस ९ देखि हामी भ्रष्टाचारविरुद्धको महासन्धिको पक्षसमेत रहँदै आएका छौं । तसर्थ संविधान र भ्रष्टाचारविरुद्धको महासन्धिअन्तर्गतका प्रतिबद्धता एकातिर र संसद्ले बनाएको कानुन अर्कातिर हुन सक्दैन । संविधान र महासन्धिको आलोकमा नै संसद्ले निर्णय लिनुको विकल्प छैन ।

भ्रष्टाचार र कुशासनविरुद्ध जवाफदेहिता सुनिश्चित गर्ने गरी संविधानमा गरिएको प्रबन्धमा अपवाद सिर्जना गर्ने अधिकार संसद्लाई छैन । दफा ४(ख) अन्तर्गत कार्यकारीलाई दिइएको उन्मुक्ति गैरसंवैधानिक छ । संविधानका समष्टिगत प्रबन्धको अध्ययनका आधारमा त्यस किसिमको उन्मुक्तिको औचित्य कहीँकतै पुष्टि हुन नसक्ने तथ्य बुझ्न सकिन्छ ।

संविधानको प्रस्तावनामा नै 'दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभाबाट वर्तमान संविधान जारी' गरेको तथ्य उद्घोषित छ । दिगो शान्ति, सुशासन र समृद्धि एक अर्काका परिपूरक हुन् । दिगो शान्ति र समृद्धिको जग नै सुशासन हो । सुशासनको ठाउँ कुशासनले लिएपछि दिगो शान्ति, सामाजिक न्याय, समाजवाद र समतामूलक समृद्धिको लक्ष्य आकाशको फल बन्छ नै । त्यसैगरी नीतिगत भ्रष्टाचारको अन्तिम प्रहार मौलिक हकहरूले भोग्छन् । नीतिगत भ्रष्टाचारले मौलिक हक उपभोगको यथोचित वातावरण बन्न दिँदैन । भ्रष्टाचारयुक्त नीति र निर्णयका कारण बजेट र राजस्वको दुरुपयोग एवं सरकारी र सार्वजनिक सम्पत्तिको दोहन हुन्छ । खासगरी आर्थिक र सामाजिक हक कार्यान्वयनमा नकारात्मक प्रभाव पार्छ । राज्यको संरक्षणको दरकार भएका नागरिक कुपोषण तथा खाद्य असुरक्षाको चपेटामा पर्छन्, आधारभूत शिक्षा, स्वास्थ्य सेवा र सामाजिक संरक्षणबाट वञ्चित हुन्छन् र चरम गरिबीका कारण मृत्युको सिकार हुनेसम्मको अवस्था सिर्जना हुन पुग्छ । समाजमा द्वन्द्व र अस्थिरता निम्तिन्छ । भ्रष्टाचारले ठूलो जनसंख्यालाई परोक्ष रूपमा पीडित बनाउँछ । नीतिगत भ्रष्टाचारको बहुआयामिक दुष्परिणामको लेखाजोखा जरुरी देखिन्छ ।

संविधानको भाग चारमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई धारा ४९ ले राज्य सञ्चालनको मार्गनिर्देशनका रूपमा स्थापित गरेको छ । त्यसैले नीतिगत भ्रष्टाचारजस्तो संवेदनशील विषयलाई निर्देशित गर्ने कानुन बनाउँदा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा अनुकूल वा प्रतिकूल के प्रभाव पर्छ परख्न जरुरी छ । किनकि यी प्रबन्ध माने पनि हुने, नमाने पनि हुने प्रकृतिका होइनन् । मौलिक हकसँगको परिपूरकताका कारण तिनको परिपालना अपरिहार्य छ । यसबारेमा सर्वोच्च अदालतले विगत लामो समयदेखि विभिन्न आदेश तथा फैसला (जस्तैः सूर्य ढुंगेल, योगी नरहरिनाथ मुद्दा) मार्फत सम्झाउँदै आएको पनि छ ।

धारा ५० मा तय गरिएका राज्यका राजनीतिक, सामाजिक र आर्थिक उद्देश्य हासिल गर्न नीतिगत भ्रष्टाचारले तगारा हाल्छ । धारा ५१(ख) को देहाय (४) मा 'सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, उत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति' निर्दिष्ट गरिएको छ । त्यसैगरी, धारा ५१(ट) को देहाय (३) को व्यवस्था पनि विशेष महत्त्वपूर्ण छ । यसमा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीतिगत प्रबन्ध छ । उल्लिखित संवैधानिक मार्गदर्शन कुनै पनि प्रकारको भ्रष्टाचारप्रति मुलुकको शून्य सहनशीलता दर्साउन पर्याप्त छन् ।

धारा ५२ ले राज्यका निर्देशक सिद्धान्तको अनुसरण तथा नीतिको क्रमशः कार्यान्वयनमार्फत मुलुकलाई समृद्ध र समुन्नत बनाउने दायित्व निर्दिष्ट गरेको छ । राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए/नभएको अनुगमन र मूल्यांकन गर्न धारा ५४ अन्तर्गत संयुक्त संसदीय समिति अस्तित्वमा छ । निर्देशक सिद्धान्तविपरीत हुने गरी ऐन संशोधनको प्रक्रिया अगाडि बढ्यो भने त्यसबारे सचेत पार्ने दायित्व पनि यो समितिकै हुन्छ । अन्तर-समितिले नियन्त्रण र सन्तुलनको भूमिका खेल्नुपर्छ । संविधानले नै कार्यादेश तोकेको यो समितिको भूमिका महत्त्वपूर्ण रहन्छ । यो बुझ्न सकिने कुरा हो ।

> सार्वभौम संसद्को समिति दुई शीर्ष नेताको इच्छाको कैदी बन्ने कि सामूहिक विवेकका आधारमा अगाडि बढ्ने ? शीर्षको पछाडि लागेर सामूहिक विवेकलाई परित्याग गर्नु जनप्रतिनिधि संस्थाको जन्मदाता सार्वभौम जनताप्रति नै अनादर हुनेछ

त्यसैगरी, धारा ५६(६) ले संघ, प्रदेश र स्थानीय तहलाई कानुनी राज्य र नियन्त्रण र सन्तुलन सहितको शक्ति पृथकीकरण सिद्धान्तको अधीनस्थ राखेको छ । भ्रष्टाचारको अनुसन्धान प्रयोजनका लागि स्वतन्त्र संवैधानिक निकाय खडा गर्ने प्रबन्धले त्यही सिद्धान्तको सेवा गर्छ । अनुसन्धानबाट उन्मुक्ति दिनु भनेको उल्लिखित प्रबन्धको विपरीत कार्यकारीमाथि नियन्त्रण गुम्ने र असन्तुलनको स्थिति सिर्जना हुनु हो ।

धारा ७५ अन्तर्गत कार्यकारिणी अधिकारलाई संविधानअनुकूल बन्ने संघीय कानुनको अधीनमा राखेको छ । संविधानविपरीत कानुन बनाएर संघ र प्रदेश तहको उच्च कार्यकारी अधिकारीलाई अख्तियारको क्षेत्राधिकारमाथि राख्ने कुराले संविधान उल्लंघन हुन जान्छ । संविधानको धारा २३९(१) मा 'कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ' भन्ने व्यवस्था छ । त्यसैको प्रतिबन्धात्मक वाक्यांशमा 'तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन' भनिएको छ । उपधारा (२) मा 'धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्यायपरिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ' भन्ने व्यवस्था छ ।

यी प्रबन्धको अध्ययनबाट स्पष्ट हुन्छ कि प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित उन्मुक्तिको दायराभित्र पर्ने 'संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारी' को हकमा समेत त्यस्तो उन्मुक्ति पदमा रहँदा मात्र लागू हुन्छ र त्यसपछि अनुसन्धानको सामना गर्नुपर्ने हुन्छ । कुनै पनि पदाधिकारीलाई जवाफदेहिताविहीन राख्ने संविधानको आशय कतैबाट पुष्टि हुँदैन ।

संविधान मात्र होइन, सुशासनको स्थापनाका सन्दर्भमा नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धताको पनि ख्याल गर्न जरुरी छ । नेपाल पक्ष भएको भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको पालन र कार्यान्वयनको दायित्व संविधानको धारा ५१(ख) को देहाय (३) मा निर्दिष्ट छ । साथै, नेपाल सन्धि ऐन, २०४७ को धारा ९ ले अनुमोदित सन्धिका प्रावधानलाई संसद्ले बनाएका कानुनसरह मानेको मात्रै होइन, संसद्-निर्मित कानुनका प्रावधान अनुमोदित सन्धिका प्रावधानसँग बाझिएमा सन्धिको प्रावधान नै प्रभावी हुने व्यवस्था छ । यस आधारमा, महासन्धि प्रतिकूल हुने गरी कुनै पनि संशोधन गरिनु हुँदैन । अन्यथा, संशोधित प्रावधान न्यायिक पुनरावलोकनको विषय बन्न सक्छ ।

भ्रष्टाचारविरुद्ध महासन्धिको धारा ३० ले कार्यकारीका कार्यसम्पादनलाई सहज बनाउने कुरा र भ्रष्टाचारसम्बन्धी कसुरमा अनुसन्धान, अभियोजन र न्यायनिरूपण गर्ने कुराबीच सन्तुलन कायम गर्न जोड दिएको छ । अनुसन्धानबाट उन्मुक्ति दिनु लोकतान्त्रिक समाजका लागि आवश्यक भएको हदसम्म मात्रै स्वीकार्य हुने देखिन्छ । तर, मन्त्रिपरिषद्का निर्णयकर्तालाई समग्र रूपमा उन्मुक्ति दिनु महासन्धि र संविधानको मर्मसँग मेल खाँदैन भन्ने बुझ्नुपर्छ ।

अन्य देशमा पनि कार्यकारीले गर्ने खास प्रकृतिका विषयलाई औचित्यका आधारमा अनुसन्धानको दायराबाट बाहिर राख्ने गरेका दृष्टान्त नभएका होइनन् । उदाहरणका लागि भारतको लोकपाल तथा लोकायुक्त ऐन २०१३ को दफा १४ मा प्रधानमन्त्री, मन्त्रीहरू, सांसद तथा कर्मचारीविरुद्ध जुनसुकै प्रकृतिको भ्रष्टाचारको उजुरीमा अनुसन्धान गर्ने अधिकार लोकपाललाई छ । तर, प्रधानमन्त्रीका सम्बन्धमा विशेष अपवादको व्यवस्था पनि छ । यदि प्रधानमन्त्रीविरुद्ध भ्रष्टाचारको उजुरी अन्तर्राष्ट्रिय सम्बन्ध, बाह्य वा आन्तरिक सुरक्षा, सार्वजनिक व्यवस्था, आणविक ऊर्जा वा अन्तरिक्षसँग सम्बन्धित भएमा लोकपालले छानबिन गर्न सक्दैन । यो अपवादले राष्ट्रिय सुरक्षासम्बन्धी संवेदनशील मामिलामा कार्यकारीको विशेषाधिकारलाई मान्यता दिएको देखिन्छ । तर, नीतिगत निर्णय वा अन्य कुनै बहानामा प्रधानमन्त्रीले निरपेक्ष र ब्लांकेट उन्मुक्ति प्राप्त गर्ने कुरालाई भने ऐनले स्थान दिएको छैन ।

हाम्रोमा सुशासन स्थापनाको गफ नहाँक्ने नयाँ-पुराना कुनै दल छ जस्तो लाग्दैन । प्रत्येकका विधान, चुनावी घोषणापत्रलगायतका आधिकारिक दस्तावेजमा यसले राम्रै स्थान ओगटेको छ । व्यवहारमा भने कुशासनको राजनीतिक खेती मौलाएको छ । नियन्त्रण र सन्तुलनको स्थान 'नियुक्तिमा भागबन्डा र सन्तुलन' ले लिएको छ । कुशासनका जरा, हाँगा-बिंगा काट्ने कुरामा अग्रसरता र साहस राजनीतिक तहमा देखिँदैन ।

वास्तवमा कुन नेता भ्रष्टाचारविरुद्ध उभिएको छ र कसले प्रत्यक्ष वा परोक्ष रूपमा भ्रष्टाचारको पृष्ठपोषण गरेको छ, नागरिक स्तरबाट लेखाजोखा गरिनुपर्छ । त्यसै आधारमा आगामी निर्वाचनमा कसलाई दण्डित गर्ने भन्ने जनताले फैसला गर्नुपर्छ । जबसम्म चुनावी लोकतन्त्रसँग आम सरोकारका गम्भीर सवाललाई जोडिँदैन, तबसम्म दल र नेताहरूले आफूलाई सुधार्ने छनक देखिँदैन ।

आशा गरौं, शीर्षको अप्ठेऱ्याइँ धेरै टिक्ने छैन । माननीय सांसदहरूको सामूहिक विवेक उनीहरूको इच्छाको कैदी बन्ने छैन । संविधानमा प्रतिबिम्बित आम जनताको सुशासनको आकांक्षा निर्णायक बन्नेछ । संशोधित ऐनमा नीतिगत निर्णयका नाममा ब्ल्यांकेट उन्मुक्ति खोज्नेका लागि कुनै अखेटो बाँकी रहने छैन ।

rajuforjustice@gmail.com

## सम्पादकलाई चिठी

### भूकम्पीय जोखिम कम गरौं

माघ २ अर्थात् राष्ट्रिय भूकम्प सुरक्षा दिवस सरकारले कर्मकाण्डी नै भए पनि मनाउँछ । १९९० सालमा गएको विनाशकारी भूकम्पको खासै ठूलो दस्तावेज त छैन सरकारसँग । तर आजसम्म पनि भूकम्पको सम्झना लिएर हाम्रा केही पाका पुस्ता जीवितै हुनुहुन्छ । भनिन्छ, भूकम्पले कसैको ज्यान लिँदैन । आफ्नो लापरबाहीका कारण आफैंले सिर्जना गरेका भौतिक निर्माणले उनीहरूलाई समाप्त पारिदिन्छ । भूकम्प सुरक्षा दिवस मनाउँदै गर्दा सरकारले हाम्रा भवन निर्माणमा कस्ता विधि अवलम्बन गर्दै छ, हामी कति इमानदार भएर त्यो विधि पालना गर्दै छौं, महत्त्वपूर्ण कुरा यही हो । हाम्रा पालिकाहरू भौतिक संरचना निर्माणको मापदण्डमा कत्तिको इमानदार छन्, त्यसतर्फ सरकार केन्द्रित हुन धेरै ढिला भइसकेको छ ।

हाम्रो देश भूकम्पीय जोखिमको शीर्ष स्थानमा छ । प्रकृतिको गर्भमा हुने यो हलचल कहिले कुन समय कुन ठाउँमा आउँछ, आजसम्मको विज्ञानले बताउन सकेको छैन । हाम्रा अव्यवस्थित सहर कुनै पनि बेला ध्वस्त हुन सक्छन् । भूकम्प जोखिममा हामी सबै छौं । यो हामी सबैले मनन गर्नुपर्ने महत्त्वपूर्ण कुरा हो । यो दिवस मनाउँदै गर्दा कम्तीमा हामीले निर्माण गर्ने भौतिक संरचनामा भूकम्पीय जोखिम कम गरौं । सुरुवात आफैंबाट गर्न अझ जरुरी छ ।

– **रामकृष्ण बराल**, *जोरपाटी, काठमाडौं*

### अध्यादेशको शासन सुशासन हो र ?

मंगलबार कान्तिपुरको मुख पृष्ठमा प्रकाशित 'चार अध्यादेश, २६ कानुन संशोधन : सार्वजनिक सेवा सात दिनमै, नदिए कारबाही' शीर्षकको समाचार पढेपछि केही टिप्पणी गर्न मन लाग्यो । जनप्रतिनिधि संस्थाहरू प्रतिनिधिसभा र राष्ट्रिय सभा पूर्ण र चलायमान रहेकै अवस्थामा सरकारले नियमित संसद् अधिवेशन नबोलाएर अध्यादेश जारी गरेर अध्यादेशको भरमा शासन गर्नु के सुशासनको सूचक हो ? जनताद्वारा चुनिएर जनताका लागि विधि बनाउँदै स्वशासित हुँदै जनतामाथि शासन व्यवस्था सञ्चालन गर्ने उत्तम विधि हो लोकतन्त्र । तर, नेपालमा लोकतान्त्रिक दलहरूले सरकारमा पुगेर देखाउने व्यवहार भने लोकतन्त्रको मूल मर्म र भावनाअनुरूप हुन सकेको छ त ? के देशका प्रमुख दलको सत्ता सञ्चालनको तौरतरिका र चरित्र लोकतान्त्रिक विधिअनुरूपको छ ?



अध्यादेशमार्फत ल्याइएको प्रावधानअनुरूप दिने सार्वजनिक सेवा सात दिनमै दिन सक्नुपर्ने व्यवस्था जनताका लागि उत्तम सर्वसुलभ सेवा हो । तर, यो प्रावधान अध्यादेशबाट आउँदा भने लोकतन्त्रको अनुभूति जनतालाई हुन सक्छ र ? अहिलेको परिप्रेक्ष्यमा तत्कालीन अवस्थामा २०५८ सालपछि राजाको 'कु' पछिको शाही शासनको संकटकाल घोषणा र दर्जनौं अध्यादेश जारी गरेर भएको शासन र अहिलेको लोकतान्त्रिक दुई तिहाइको सरकारको शासनमा के फरक भयो र ? जनताको प्रतिनिधिमूलक थलोलाई निष्क्रिय बनाएर अध्यादेश जारी गर्दै राज्यसत्ता चलाउने यो सरकारी रबैयाबाट जनताले कस्तो अनुभूति गर्लान् ? जनतालाई प्रत्यक्ष असर पर्ने हरेक विषयवस्तु संसद्मा व्यापक छलफल चलाएर प्रतिपक्षमा रहेका दल र सांसदको समेत आवाज सुनुवाइ गर्दै अध्यादेशको सट्टा संसद्बाट विधेयक नै पारित गरेर कानुन बनाउँदा के बिग्रन्थ्यो ? झन्डै दुई तिहाइनजिक रहेका दुई ठूला दलको सहमतिमा बनेको भए तापनि तलबभत्ता खाइरहेका सांसदलाई फुर्सद दिएर संसद् अधिवेशन छल्दै सरकारले चोर बाटोबाट अध्यादेश ल्याइरहेको छ । त्यसभित्र लोकतान्त्रिक आचारको चीरहरण गरिँदै छ भनेर विपक्षीले आरोप लगाउने अवस्था सरकारले किन ल्याइरहेको होला ?

संविधानमा विशेष परिस्थितिको अवस्थामा अध्यादेशको परिकल्पना गरिएको हुनुपर्छ, विश्वव्यापी रूपमा संविधानको मर्म र भावना भनेको संसद् अधिवेशनबाटै विधेयक पारित भएर कानुन निर्माण हुनुपर्छ भन्ने हो । तर सरकारले यो विश्वव्यापी संवैधानिक मर्म र भावनालाई आत्मसात् गर्न नसकेको पक्कै देखिन्छ । जति नै राम्रा प्रावधान ल्याए पनि संसद्बाट पास हुन नसके स्वतः निष्क्रिय हुने अध्यादेशबाट ल्याएका व्यवस्थाको विश्वासनीयता एकदमै कम हुने र त्यसको कार्यान्वयन प्रभावकारी नहुनेमा कसैको दुई मत नहोला । त्यसैले सरकार अध्यादेश ल्याएर कानुन संशोधन गर्नेतर्फ अग्रसर नहुनु नै हितकर होला । सार्वजनिक सेवालाई सात दिनभित्र प्रवाह गर्ने व्यवस्था संसद्बाटै पास गरेर अनिवार्य लागू गर्न सरकारले तत्परता देखाउनु जरुरी छ । जननिर्वाचित संस्था चलायमान हुनु नै लोकतन्त्रको सुन्दर पक्ष हो, चाहे त्यो स्थानीय सरकार होस् वा प्रदेश र संघीय संसद् नै किन नहुन् । जनताको जीवनमा प्रत्यक्ष असर पार्ने कानुनी व्यवस्था गर्दा संसद्बाटै विधेयक पारित गरेर जारी गरियोस्, न कि अध्यादेशमार्फत ।

– **नोदनाथ त्रिताल**, *पनौती-२, काभ्रे*

### चिकित्सक पलायन कसरी रोक्ने ?

कान्तिपुरको बुधबारको अंकमा चिकित्सक पलायनको भयावह तथ्यांक देखेर उदेक लागेर आयो । चार वर्षको तथ्यांक हेर्दा उत्पादित डाक्टरको ७४ प्रतिशत विदेश पलायन हुनु अत्यन्त गम्भीर विषय हो । यही रीतले डाक्टरहरू विदेश पलायन भएमा अबको १० वर्षपछि हामीले आफ्नै देशमा उपचार पाउन पनि मुस्किल पर्नेछ । तर हाम्रा नीति निर्मातामा कसरी यो पलायनलाई रोक्ने भन्नेमा कुनै चिन्तन-मनन छैन । अन्यथा डाक्टर दरबन्दीको कोटा र सुविधा बढाउने काम अहिलेसम्म भइसक्नुपर्ने थियो । सरकारले वर्षौंदेखि डाक्टर र नर्सहरूको नयाँ दरबन्दी खोलेको छैन ।

यसर्थ विदेश जानु उनीहरूको रहर होइन, बाध्यता हो । नेताहरूमा भिजन नहुँदा नै दक्ष व्यक्तिको पलायन भइरहेको छ । स्वाथ्यकर्मीको दरबन्दी कम हुनु, बिमालाई सहज बनाउन नसक्नु, औषधि वितरणमा समस्या, चिकित्सकमाथि आक्रमणलगायत थुप्रै समस्या छन् । ४ वर्षमा ८ हजार ६ सय २४ नयाँ चिकित्सक मेडिकल काउन्सिलमा दर्ता भएकामा ६ हजार ३ सय ६८ जनाले विदेश जान काउन्सिलबाट चारित्रिक प्रमाणपत्र लिएको तथ्यांक छ । विदेश पलायनको यो तथ्याकंले भोलिको हाम्रो अवस्था कस्तो हुने हो ? यसबारे स्वाथ्यमन्त्रीले नै गम्भीर छलफल चलाई सुधारको खाका पेस गर्नुपर्छ ।


– **गोपाल देवकोटा**, *जोरपाटी, काठमाडौं*

# संघीयता विकासको साध्य हो कि अधिकारको उपक्रम ?



तुलानारायण साह

संघीयता र संविधान बहस



कसैले संघीयता खर्चिलो भयो, गरिबी र बेरोजगारी बढायो भन्छ भने उसले बुझ्नुपर्छ संघीयता गरिबी निवारणको प्रोजेक्टका रूपमा आएकै होइन, यो विगतमा भएको विभेदको क्षतिपूर्तिका लागि डिजाइन गरिएको, विभेदमा परेका समुदायको पहिचानको सम्मानका लागि ल्याइएको राजनीतिक उपक्रम हो

सामयिक राजनीतिमा संघीयताको औचित्यबारे सघन विमर्श चलिरहेको छ । पुराना र ठूला दलहरूले संघीयतालाई अनिच्छापूर्वक स्वीकार गरेको तथ्य कसैबाट लुकेको छैन । नवउदित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को निरपेक्षता र पुनःसंगठित भइरहेका राष्ट्रिय प्रजातन्त्र पार्टीका विभिन्न घटकहरूको विरोधका कारण संघीयताको औचित्यमाथि उठेका प्रश्नहरू झनै बलिया हुँदै गएका हुन् ।

प्रारम्भदेखि नै न्यायालयले संघीयतालाई अस्वीकार गरिआएको छ । नेपाली राजनीतिका तेस्रो महत्त्वपूर्ण शक्ति माओवादीहरू पनि कांग्रेस र एमालेसँगै लय मिलाउन थालेपछि नेपालको निजामती सेवा र सुरक्षा निकायलाई पनि संघीयताको विपक्षमा उभिन सजिलो भयो ।

काठमाडौंका पुराना सम्भ्रान्त, बैंकर्स र व्यापारिक घरानाहरूले संघीयतालाई कहिल्यै स्वीकारेका थिएनन् । अस्वाभाविक के देखियो भने २०४६ सालयता उदाएका प्रजातन्त्रवादी नवसम्भ्रान्त वर्ग, नागरिक समाज, गैससकर्मी, मिडिया उद्यमी एवं पत्रकारहरूको ठूलो तप्काले पनि यो संघीयता खर्चालु भयो, गरिबी, बेरोजगारी र भ्रष्टाचार झनै बढायो भन्नेजस्ता भाष्य स्थापित गर्न कम्मर कसेर लागेका छन् ।

संघीयताका लागि संघर्ष गरेका मधेशवादी र अन्य पहिचानवादी शक्तिहरूको स्वर चर्को सुनिए पनि बोलीमा दम हुन्न । आम मानिसमा आकर्षणभन्दा दिक्कलाग्दो असन्तुष्टि बढाउनुको मुख्य कारण विगत सात/आठ वर्षमा तिनले सत्ता भित्र र बाहिर खेलेको राजनीतिक खेलको परिणाम हो । पार्टीको नाम र नेतृत्वको थरले मात्र नयाँजस्ता देखिने पहिचानवादी दलहरूको सरकार र पार्टी सञ्चालनको शैली पूर्णरूपेण व्यक्ति र परिवारकेन्द्रित छ । यस मानेमा बरु एमाले र कांग्रेस अलिक उदार छन् । कम्तीमा राज्यको साधनस्रोतको दोहन र वितरणमा एकभन्दा बढी नेता र परिवारहरूले अवसर पाउँछन् । चुहिएर भए पनि थोरबहुत कार्यकर्ताहरूको मुखमा जान्छ । माओवादी र पहिचानवादी दलहरूमा त त्यसको स्वाद के सुगन्ध पनि शीर्ष नेताको परिवारभन्दा बाहिर जाँदैन । त्यसैले होला, गाउँ देहातमा मानिसहरू भन्छन्- 'जुन जोगी आए पनि कानै चिरेको, बरु नयाँले झन् बढी खरानी धस्दा रहेछन् ।'

## लामो संघर्षको प्रतिफल

नेपालमा संघीयताको विमर्श सघन भएको माओवादी जनयुद्धयता हो । खासगरी २०६३ साल माघमा मधेश जनविद्रोह भएपछि । तर, नेपालको राजनीतिमा संघीयताको बहस प्रवेश गराउने यश नेपाल तराई कांग्रेस (नेतका) पार्टीलाई जान्छ । २००८ सालतिर गठन भएको उक्त पार्टीका प्रमुख नेता वेदानन्द झा र रामजनम तिवारी थिए ।

नेपाली राजनीतिको त्यो कालखण्ड नेपाली कांग्रेसको वर्चस्वको थियो । बीपी कोइरालाको उदयको समय थियो । २०१५ सालको निर्वाचनमा नेतकाले एउटै सिट नजितेपछि त्यस पार्टीका नेता र एजेन्डालाई कसैले पनि गम्भीरतापूर्वक लिएनन् ।

पञ्चायतकालभरि संघीयताको विमर्श हुन सकेन । पञ्चायती व्यवस्थाको जन्मका अनेक पक्षहरू थिए । राजा महेन्द्रलाई राज्यशक्तिमा एकलौटी वर्चस्व स्थापित गरेर शक्तिशाली राजा बन्नु थियो । त्यसका लागि हिन्दु धर्म र खसआर्यको सांस्कृतिक वर्चस्वलाई टेको बनाइएको थियो ।

बीपी कोइराला र नेपाली कांग्रेस पार्टी उसका राजनैतिक शत्रु थिए जसले एकलौटी रूपमा राज्यशक्ति परिचालनमा अवरोध पैदा गर्थे । तर, मूलरूपमा मधेशी र सहायक रूपमा आदिवासी जनजातिहरू उनका सांस्कृतिक शत्रुहरू थिए । त्यसकारण समग्र पञ्चायती व्यवस्था मधेशी समुदायलाई गैरनेपाली देखाउनमा केन्द्रित थियो । पञ्चायतको प्रारम्भिक दशकमै फेड्रिक एच गेजले यही कुराहरूलाई खोतल्दै लेखेको पुस्तक (क्षेत्रीयता र राष्ट्रिय एकता) लाई पञ्चहरूले त्यसै प्रतिबन्ध लगाएका थिएनन् । राजा महेन्द्रले राजनैतिक रूपमा नेपाली कांग्रेसलाई जति ठूलो शत्रु मानेका थिए, सांस्कृतिक रूपमा मधेशी समुदायलाई त्योभन्दा ठूलो शत्रु ठानेका थिए । परिणामतः पञ्चायतभरि मधेश, मधेशी र संघीयताको बहस सबैभन्दा बढी आक्रमणको सिकार भएका थिए ।

पञ्चायतका अन्तिम वर्षहरूमा गठन भएका सद्भावना परिषद्, जो २०४६ पछि नेपाल सद्भावना पार्टीमा परिणत भएको थियो, उसले फेरि संघीयतालाई आफ्नो मूल राजनैतिक एजेन्डा बनाएको थियो । परिणामतः २०४८ सालमा संघीयताको बहस संसद्मा प्रवेश पाएको थियो । संघीयताको बहसलाई सडकबाट सदनमा पुर्‍याउने यश सद्भावना पार्टीलाई जान्छ ।

२०५२ सालमा सुरु भएको माओवादी जनयुद्धले मध्यतिर गएर संघीयतालाई आफ्नो राजनैतिक एजेन्डा बनाएको थियो । मनसाय जे भए पनि गैरमधेशी गैरजनजाति नेतृत्वको कुनै प्रभावशाली पार्टीले संघीयतालाई प्रमुखताका साथ राजनैतिक एजेन्डा बनाउनु कालान्तरमा गएर महत्त्वपूर्ण साबित भयो । तर, माओवादीहरूले अन्तरिम संविधान (२०६३) मा लेखाउनबाट चुकेकै कारण यो ऐतिहासिक कार्यको यश मधेसी जनअधिकार फोरमले पायो । फोरमको आह्वानमा भएको २०६३ को मधेश विद्रोहकै कारण अन्तरिम संविधानलाई संशोधन गरेर संघीयताको ग्यारेन्टी गरिएको थियो । १६ बुँदे सहमतिले फेरि संघीयतालाई थाती राख्न खोज्दा सर्वोच्च अदालतको हस्तक्षेपले मात्र २०७२ सालको संविधान घोषणासँगै प्रदेशहरूको रचना सम्भव भएको थियो । यसरी हेर्दा २००८ सालदेखि २०७२ सालसम्म नेपालमा संघीयता चाहिन्छ कि चाहिँदैनको अलमलमा बितेको थियो । २०७२ सालपछि मात्र संघीयताको बहसमा अर्को पाटो थपियो, अब कस्तो संघीयता ?

## आश र त्रासको माहोलमा प्रदेशको रचना

अन्तरिम संविधान (२०६३) मा संघीयता उल्लेख भएपछि नेपालमा संघीयताको बहस एक पाइला अगाडि बढेको थियो । २०६४ सालमा संविधानसभा गठन भएपछि यस विषयमा व्यवस्थित बहस सुरु भयो । सभाभित्र अनेक समिति/उपसमितिहरू बने । बाहिर सरकारी र गैरसरकारी तहमा अनेक आयोग र मञ्चहरू निर्माण भए । यो क्रम २०७२ सालसम्म नै चल्यो । अन्य विषयहरूमा पनि विभिन्न तहमा बहस भएकै थियो । तर त्यस कालखण्डलाई फर्केर हेर्दा संघीयताको बहस मूलरूपमा प्रदेशको सिमाकंनमा बढी केन्द्रित रहेको थियो । पहिचानलाई आधार मानेर सिमांकन गर्ने कि भौगोलिक सहजतालाई ? मधेशी दलहरूले एक सुरले समग्र मधेश एक प्रदेशको रट लगाएका थिए । अधिकारको सवालमा आत्मनिर्णयसहितको स्वायत्ततताजस्ता शब्दावलीहरूले नेपाली समाजलाई नयाँ प्रकारले ध्रुवीकरण गराएको थियो ।

संघीयता पक्षधरहरूले जहाँनिर प्रदेशको रचनामा आफ्नो जनसांख्यिक बाहुल्य चाहन्थे, त्यसको आधारमा राजनीतिक वर्चस्वको सपना देख्थे, त्यहीँनिर परम्परागत वर्चस्वशाली समुदायले यसमा विभाजनको बीजारोपण हुन सक्ने त्रास महसुस गर्थे । यसरी समग्रतामा हुनुपर्ने बहस केवल सिमांकनमा केन्द्रित हुँदा आस र त्रासको माहोलबीच समग्र नेपाली समाज साम्प्रदायिक ध्रुवीकरणको सिकार भएका थिए । २०७२ सालको जेठमा भएको १६ बुँदे सहमति र संघीयतालाई फेरि थाती राख्ने ठूला दलहरूको निर्णय त्यसैको परिणाम थियो ।

वास्तवमा संविधानलाई सर्वस्वीकार्य बनाउनुपर्थ्यो । संविधानसभाभित्रको गणितीय समीकरण मात्र मिलाउनेतर्फ समग्र राजनीति परिचालन हुनु हुँदैनथ्यो । नेपाली समाजमा रहेका विभिन्न सामाजिक समूहहरूमध्ये धेरैभन्दा धेरैले संविधानलाई स्वीकार्न सक्ने, अपनत्व ग्रहण गर्ने वातावरण बनाउनुपर्थ्यो, जुन हुन सकेन । फलस्वरूप नेपालको संविधान जारी हुँदा खसआर्य समुदायले दीपावली गरेर हर्षबढाइ गरेका थिए । मधेसीहरूले 'ब्ल्याक आउट' गरेर विरोध जनाएका थिए । आदिवासी जनजातिहरू कोही यताउता त कोही मौन बसेका थिए । त्यसताका प्राध्यापक कृष्ण खनाल बरोबर भन्नुहुन्थ्यो, 'नेपालमा संविधानको स्वीकार्यताको लागि दुइटा समीकरण एकसाथ सन्तुलन हुनुपर्छ, राजनीति र सामाजिक ।'

२०७२ को संविधान घोषणा हुँदा संविधानसभाभित्र दुईतिहाइ संख्या पुर्‍याएर राजनैतिक समीकरण त सन्तुलन गरिएको थियो तर नेपाली समाजका तीन मुख्य समूहहरू (खसआर्य, मधेसी, आदिवासी जनजाति) को सामाजिक समीकरण असन्तुलित नै रहन गयो । त्यसलाई सन्तुलनमा ल्याउने प्रयास नै भएन ।

## संघ र सम्भ्रान्तको समस्या

सबै प्रदेशको नामकरण, दुई पटकको निर्वाचन परिणाम र पटक-पटकको सरकारको नेतृत्व परिवर्तनबाट के देखियो भने मधेश प्रदेशबाहेक कुनै पनि प्रदेशको राजनीतिमा कुनै नयाँपन देखिएन । प्रदेश सरकारहरूको गठनले संघीयताको आभास दिइरहेको थिएन, छैन । मधेशबाहेक सबै प्रदेशमा परम्परागत सम्भ्रान्त समुदायकै वर्चस्व देखियो । सबै प्रदेशमा कांग्रेस, एमाले वा माओवादीकै सरकार बनेका थिए ।

अब प्रश्न उठ्छ, यस्तो किन भयो ? संघीयता पक्षधरहरूले किन पहिचानका आधारमा प्रदेशको रचना चाहन्थे ?

नेपालको निर्वाचनको इतिहासले देखाउँछ कि यहाँ खसआर्य समुदाय अर्थात् (बाहुन र क्षेत्री) ले सबभन्दा बढी संख्यामा निर्वाचन जित्छन् । पालो-पालो शासनमा पुग्ने पनि तिनै हुन्छन् । राज्यका अन्य सहयोगी फ्याक्टरहरू उसैलाई साथ दिन्छन् ।

सिमान्तकृतहरूको आम बुझाइ के रहेको छ भने, यो देशमा हामी प्रधानमन्त्री बन्न सक्दैनौं, प्रदेश बन्यो भने कम्तीमा मुख्यमन्त्री त बन्न सकिएला । त्यसका लागि निर्वाचन जित्नुपर्छ । निर्वाचनमा आफ्नो समुदायको जनसांख्यिक बाहुल्य र सत्ताको रापतापको सामीप्यता चाहिन्छ । यदि पहिचानको आधारमा प्रदेशको रचना भएको भए आदिवासी जनजाति समुदायले पनि केही प्रदेशमा जनसांख्यिक बाहुल्य पाउने थियो, मधेश प्रदेशमा मधेसीले पाएजस्तो । त्यस्तो भएको भए सायद अरू पनि केही नयाँ दलहरू अस्तित्वमा हुने थिए । अरू प्रदेशका मुख्यमन्त्री पनि मधेशको जस्तै कुनै सिमान्तकृत समुदायबाट हुने थिए । कल्पना गरौं, लुम्बिनी प्रदेशमा पनि मधेश प्रदेशजस्तै तराईका मात्र जिल्लाहरू राखिएको भए त्यहाँ दलीय संरचना र मुख्यमन्त्रीको अनुहार फरक हुन्थे कि अहिलेसम्म हामीले देखिरहेको जस्तै हुन्थ्यो ?

आज दुइटा मधेशकेन्द्रित पार्टीहरू राष्ट्रिय पार्टी बन्न सकेका छन् । त्यसको प्रमुख आधार मधेशी समुदायमा भएको ध्रुवीकरण हो । सायद, त्यस्तै अवस्था लुम्बिनी प्रदेशमा पनि हुने थियो । यो कुरा नेपालका परम्परागत सम्भ्रान्त, वर्चस्वशाली समुदायले जानेर नै प्रदेशहरूको रचना गर्दा आफ्नो समुदायको जनसांख्यिक बाहुल्य र आफ्ना दलहरूको वर्चस्वलाई निरन्तरता हुने प्रकारले गरेका हुन् । संविधानसभाका राज्य पुनर्संरचना समिति र राज्य पुनर्संरचना आयोगको सिफारिसलाई नमान्नुको पछाडिको कारण पनि त्यही हो । नामकरणमा पनि त्यही राजनीति नै दोहोरिएको हो ।

२०७४ सालमा पहिलो पटक प्रदेश सरकार अस्तित्वमा आएपछि बल्ल नेपालमा प्रदेश र संघबीच शक्ति बाँडफाँटको बहस सुरु भयो । प्रदेश सरकारले आफ्नो कर्मचारी भर्ना गर्न नपाउने अवस्था थियो/छ । केही अल्पकालीन प्रशासनिक चाँजोपाँजो मिलाएर प्रदेश लोकसेवा आयोगहरूले कर्मचारी भर्ना थालेका छन् । अझै पनि प्रदेशले आफ्नो प्रहरी भर्ना गर्न पाएका छैनन् । राजस्व बाँडफाँट र अन्य स्रोतहरूको वितरणमा संघ र प्रदेशबीच कैयौं विषयहरूमा मतभिन्नता छ । सुरुमा मधेश प्रदेश र पछिपछि सबै प्रदेशका मुख्यमन्त्रीहरूले संघीय सरकारप्रति असन्तुष्टि पोख्दै आएका छन् । यस मानेमा प्रधानमन्त्री पदमा रहे पनि नरहे पनि केपी शर्मा ओलीको सोच र अभिव्यक्तिमा एकरूपता पाइन्छ । उनको नजरमा प्रदेश भनेको पहिलाको विकास क्षेत्र नै हो । यो केन्द्रको मातहतको संरचना हो र त्यस्तै नै रहिरहनुपर्छ । कतिपयलाई प्रचण्डबारे भ्रम थियो । प्रदेश नं. १ को नामकरण भएपछि तिनको भ्रमको पनि निवारण भएको छ । अधिकांश मधेशीले प्रचण्डको संघीयता मोह अन्तरिम संविधान (२०६३) को घोषणा हुँदै देखिसकेको थियो । २०७२ सालको जेठमा १६ बुँदे सहमतिताका उनले कोल्टे फेरेपछि रहलपहल मधेशीको पनि भ्रम निवारण भयो । प्रदेशलाई अधिकार सम्पन्न बनाउने सवालमा केपी ओली र शेरबहादुर देउवाभन्दा प्रचण्ड कुनै मानेमा फरक नरहेको उनको प्रधानमन्त्रीत्वकालमा संघीय निजामती र प्रहरी समायोजनसम्बन्धी विधेयकहरूको अवस्थाले देखायो । समग्रमा, माग्ने र दाताको मनोविज्ञान अहिले प्रदेश र संघबीच विकास भएको छ ।

## प्रदेश पनि उत्तिकै दोषी

संघीयता कार्यान्वयनको अर्को पाटो पनि छ । प्रदेश आफैंले गर्न सक्ने कामहरू पनि छन् । संघीयता भनेको मूलतः तीन कार्य एकसाथ गर्ने राजनीतिक प्रणाली हो । आफ्नो इकाइ (प्रदेश) मा आफैं शासन गर्ने, सँगै केन्द्र (संघ) सँग शासनमा साझेदारी गर्ने र तेस्रो आफ्नो इकाइभित्रको विविधतालाई सम्बोधन गर्ने । त्यसकारण संघीयतालाई विविधताले भरिएको समाजमा द्वन्द्व व्यवस्थापनको उत्तम उपाय मानिएको हो । नेपालमा प्रदेशहरूले संघबाट अधिकार लिने सवालमा जति सक्रियता देखाउँछन्, चर्को स्वर आरोप लगाउँछन्, उनीहरू आफ्नै प्रदेशभित्रको सिमान्तकृत समुदाय, क्षेत्रहरूसँग उति साह्रो उदार देखिएका छैनन् । सत्ताबाट प्राप्त लाभ सिमान्तकृतसँग साझेदारी गर्ने सवालमा कन्जुस र कठोर देखिएका छन् ।

उदाहरणका लागि मधेश प्रदेशले संघीय निजामती ऐन र प्रहरी समायोजन ऐन पारितका लागि संघीय सरकारको निष्क्रियताप्रति पटक-पटक आक्रोश पोखेको हामी सुन्छौं । मुख्यमन्त्री र मन्त्रीहरूको दाबी छ कि उल्लिखित ऐनहरू निर्माण नहुँदा प्रदेशले आफ्नो प्रशासनिक कर्मचारी र प्रहरी भर्ना गर्न पाएको छैन । यो अड्चन संघले जानीजानी पैदा गरेको आरोप छ । तर, मधेश प्रदेशमा सबैभन्दा सिमान्तकृत रहेका दलित र मुसलमान समुदायको उत्थान एवं सम्मानका लागि प्रदेश सरकारबाट देखाउनुपर्ने सक्रियता देखिँदैन ।

प्रदेशसभामा टेबुल गरिएको मदरसा शिक्षासम्बन्धी विधेयक वर्षौंदेखि थन्किएर बसेको छ । पारित गरिएको दलित सशक्तीकरण ऐनको कार्यान्वयन र बजेट विनोयजन उदेकलाग्दो छ । राजनीतिमा यो दुवै समुदायको उपस्थिति नगन्य छ । मधेशमा मुसलमान, जनजाति र डिक्का समुदाय थप सिमान्तीकरणमा पर्दै छन् । अन्य प्रदेशमा पनि त्यहाँका सिमान्तकृतहरूको अधिकार र सम्मानको सवालमा मधेशभन्दा भिन्न परिस्थिति छैन । लुम्बिनी प्रदेशको राजनीति र बजेटमा दलित, मुसलमान र मधेशीको उपस्थिति झनै उदेकलाग्दो नै छ । कोशीमा पनि अवस्था भिन्न छैन ।

समग्रमा प्रदेशहरूको राजनीतिमा दलीय हिसाबले जुन दलको नेतृत्व भए पनि सरकार निर्माण, सत्ता सञ्चालन, बजेट विनियोजन र कानुन निर्माणमा स्थानीय सम्भ्रान्तहरूको जबर्जस्त वर्चस्व स्थापित हुन पुगेको छ । प्रदेशको बजेटमा सामाजिक र प्रशासनिक सम्भ्रान्तहरूको बलियो पकड स्थापित हुन पुगेको छ । सरकारी कामकारबाही स्थानीय सिमान्तकृत, अल्पसंख्यक र गरिब वर्गको सामाजिक रूपान्तरणभन्दा पनि भौतिक संरचनाहरूको निर्माणमा केन्द्रित छ जो आम मानिसभन्दा निर्माण व्यवसायीका लागि बढी चासोको विषय हुन्छ । सात वर्ष धेरै लामो समय नभए पनि संकेतहरू देखिनका लागि पर्याप्त समय हो, जसमा धेरै उत्साहजनक लक्षणहरू देखिएका छैनन् ।

## अबको बाटो

नेपाली राज्यमा दुईखाले संरचनागत समस्या रहेका कारण संघीयताको परिकल्पना गरिएको थियो । ती समस्याहरू थिए- राज्यको केन्द्रीकरण र विभिन्न समुदायहरूको बहिस्करण ।

पुरानो राज्य संरचना यसरी निर्माण गरिएको थियो कि हरेक कामकुराका लागि मानिसले काठमाडौं नै ताक्नुपर्ने । यस्तो केन्द्रीकृत संरचनाको समाधानका लागि नेपालमा संघीयताको परिकल्पना गरिएको थियो । विगतमा गरिएका विभेद जात, धर्म र भूगोलमा आधारित रहेकाले संघीयतामा प्रदेशको रचनाको आधार पनि पहिचान हुनुपर्ने मान्यता थियो ।

दोस्रो समस्या बहिस्करणको थियो । विगतको नेपाली राज्यले पनि जात, धर्म, संस्कृति, पोसाक, भाषा, लिङ्ग र भूगोलका आधारमा विभेद गरेको हुनाले त्यही आधारमा नेपाली राज्य र राजनैतिक प्रतिनिधित्वको ठाउँमा आरक्षण हुनुपर्ने राजनैतिक एजेन्डा बनेको थियो । त्यही आधारमा समानुपातिक निर्वाचनतर्फ र सरकारी सेवाहरूमा आरक्षण छुट्याइएको पनि हो । कसैले संघीयता खर्चिलो भयो, गरिबी र बेरोजगारी बढायो भन्छ भने उसले बुझ्नुपर्छ संघीयता गरिबी निवारणको प्रोजेक्टका रूपमा आएकै होइन, यो विगतमा भएको विभेदको क्षतिपूर्तिका लागि डिजाइन गरिएको, विभेदमा परेका समुदायको पहिचानको सम्मानका लागि ल्याइएको राजनीतिक उपक्रम हो । यसको कारण नेपालमा न त गरिबी बढेको हो न त भ्रष्टाचार । यी समस्याहरू नेपाली राज्यका पुरानो समस्या हुन् जुन केही झाँगिएको हुन सक्छ तर संघीयताकै कारण बढेको भन्नु निराधार कुरा हो ।

संघीयता एक राजनैतिक विषय हो । यसलाई केवल प्रशासनिक वा कन्सल्टेन्टहरूका लागि प्राविधिक विषय बनाइनु हुँदैन । यसबारे राजनैतिक तहमा निर्णय लिइनुपर्छ । ठूला दलका उच्च नेतृत्वले यदि संघीयतालाई विगतमा राज्यबाट भएको विभेदको क्षतिपूतिस्वरूप एक राजनैतिक समाधानका रूपमा स्विकार्छ भने मात्रै यसको अगाडिको यात्रा सहज हुन सक्छ । र, त्यो स्वीकार्यतापछि मात्र दोस्रो चरणको कुराकानी सुरु हुन्छ कि संघ र प्रदेशको बीचमा कुन हिसाबले शक्ति बाँडफाँट गर्ने ? होइन भने अहिलेजस्तै विकृत संघीयताले झनै विकृति बढाउँदै जाने हो ।

संघीयतालाई सफल बनाउने हो भने आफूलाई संघीयताको पक्षधर भन्ने मधेशीलगायतका पहिचावादी दल/समूहहरू पनि अबको आफ्नो राजनीतिक यात्राबारे प्रस्ट हुनु जरुरी छ, खासगरी दुई मानेमा । पहिलो, यदि ठूला दलहरूकै शैली र एजेन्डाको राजनीति गर्ने भए नागरिकले यिनलाई किन पत्याउने ? दोस्रो, यदि विगतमा पहिचानका आधारमा विभेद भएका कारण विभिन्न समुदायहरू सिमान्तकृत भएका थिए र तिनको प्रतिनिधिका रूपमा आफूलाई दाबी गरिन्छ भने ती समुदायको समग्र रूपान्तरणको भावी रोडम्याप के हो ? यदि संघीय सरकारजस्तै वा प्रधानमन्त्रीले जस्तै कुनै अमूक मुख्यमन्त्रीले पनि राजनीति गर्छ, सत्ता सञ्चालन गर्छ भने संघीयताको अर्थ केवल मुख्यमन्त्री बनाउनमा गएर टुंगिन जान्छ । सायद सिमान्तकृत समुदायहरूले त्यतिका लागि नेपालमा संघीयता चाहेको थिएनन् । कांग्रेस, एमाले वा माओवादीले संघीयता रुचाएन भनेर मात्रै सत्तोसराप गर्नुभन्दा मधेसीलगायतका पहिचानवादी संघीयतावादी दलहरूले आ-आफ्नो समाजको रूपान्तरणको भावी रोडम्यापबारे प्रस्ट हुँदा संघीयताको बहसमा नयाँ आयाम थपिन सक्छ ।

# मदिराको सामाजिक भाव–प्रभाव



मधु राई

पाँच दशकअघि प्रवासमा छँदा आमाले घरमूलीको भूमिका निर्वाह गर्दै कोदो र चामलको घरेलु जाँड बनाएर बेच्नुहुन्थ्यो । अरू दिन आमाले घरमै बेच्ने गरे पनि हामी दुई छोरी आइतबारे हाटका दिन घरनजिकैको बाटोमा अस्थायी पसल थापेर जाँड बेच्ने गर्थ्यौं । तीनताका पल्टने बुबाले पठाउने गरेको सीमित खर्चले गर्जो टार्न हम्मे पर्ने गरेकाले पनि आमाले मदिराजन्य वस्तु बेच्नुपरेको पछि हामीले थाहा पायौं । यसरी आफूले मदिराजन्य वस्तु बेचे पनि उहाँले हामीलाई सधैँजसो 'राम्ररी लेखपढ गर नत्र हामीले जस्तै दुःख पाउँछौं' भन्नुहुन्थ्यो । म घरको जेठोपाको र पढाइमा औसतभन्दा माथि भएकाले कलेजसम्म पढ्न पाएँ । यसरी ऊबेला आमा र आमाजस्ता धेरैले आफ्नो घरको आर्थिक विपन्नतासँग जुध्न मदिरालाई माध्यम बनाए । अर्थात्, ऊबेलाको जनजीवनमा मदिराको बेचबिखनले हामीजस्ता परिवारका कतिपय छोराछोरीले शिक्षाको उज्यालो चिहाउने अवसर पायौं ।

हिजो अतिरिक्त आयआर्जनको विकल्प नहुँदा आमाजस्ता धेरैले अतिरिक्त आयआर्जन गर्न आफैं मदिरा बनाएर बेचबिखन गर्थे । आज, मदिरा व्यवसाय अर्थतन्त्र सुधार्ने दरिलो माध्यम बन्दै गएको छ । हुनेखाने शिक्षितहरू साथीभाइसँग आफ्नो हैसियतअनुसार खुसीयाली मनाउन वा मनोरञ्जन गर्न होटल रेस्टुराँमा पुग्छन् । पछिल्लो समय भोजभतेरमा समेत मदिराजन्य वस्तुको अनिवार्यता बढ्दै गएको छ । हरेक टोल र गल्लीमा मदिराको पसल यत्रतत्र भेटिनु भनेको यसका पारखी दिनानुदिन बढ्दै जानु पनि हो । हिजो मानिस विपन्नतासँग जुध्न मदिराको व्यवसाय गर्थे भने आज आयआर्जन र रोजगारीका अनेकन विकल्प भए पनि कतिपय आफ्नो रोजाइमा मदिरा व्यवसाय गर्छन् ।

हिजोका दिन मदिराका उपभोक्ता विपन्न र निरक्षर पनि हुन्थे, आज सम्पन्न घरका कतिपय शिक्षित पुरुषको दैनिकी मदिरा सेवनबाट सुरु हुन्छ । कतिपय यस्ता मदिराप्रेमी पुरुषले श्रीमती, छोरीबुहारीलाई मानसिक मात्र होइन शारीरिक यातनासमेत दिने गरेका छन् । दुःखलाग्दो कुरा त सार्वजनिक ठाउँमा अरूका छोरीबुहारीमाथि कुदृष्टि राख्ने यस्ता पुरुषका व्यवहारलाई बहुसंख्यकले 'आ, यिनीहरू यस्तै हुन्' भनेर वास्ता गर्दैनन् । पछिल्लो समय महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना बढ्नुमा मदिरा सेवन पनि एक कारक देखिन्छ । यस्ता घरका कतिपय छोराछोरी हिंसा सहन नसकी सानैमा बेपत्ता हुने गर्छन् भने कतिपयले स्कुले शिक्षा पूरा गर्दैनन् । कतिपय त आफ्ना पीडा भुल्न स्वयं मदिराको कुलततिर लागेको पनि देखिन्छ । मदिराप्रेमी अभिभावकका कारण बिचल्लीमा परेका छोराछोरी कोही अनाथाश्रममा पुगेका छन् भने कतिपयको रात सडकका पेटीमा बित्ने गरेको छ ।

परापूर्वकालदेखि नै जनजीवनसँग मदिराको सम्बन्ध नियाल्दा एकातिर आयआर्जनको स्रोत देखिन्छ भने अर्कातिर यसको दुरुपयोगले मानिसलाई कुलतमा पुर्‍याई जीवन नै जोखिममा पार्ने अवस्था पनि छ । केही महिनाअघि मेरै उमेरका मदिराप्रेमी छिमेकीले मदिराकै कारण अकालमा ज्यान गुमाउनुपर्‍यो ।

नेपाली समाजमा विकास निर्माणका काममा महिलाको सहभागितालाई नजरअन्दाज गरिने परम्परा रहँदै आए पनि मदिराजन्य वस्तुको विज्ञापनमा महिलालाई अनिवार्य सहभागी गराउँदै आएको देखिन्छ । जसका कारण पनि पुरुषसँगसँगै शिक्षित र सम्पन्न महिला पनि मदिराप्रेमी बन्ने वातावरण तयार हुँदै छ । यी र यस्ता कतिपय कारण पनि पछिल्लो समय मदिराका नयाँ उपभोक्तामा युवायुवतीको संख्या बढ्दै छ । यसरी सरकार र सञ्चारमाध्यमको मदिराजन्य वस्तुप्रतिको उदारताकै कारण पनि नेपाली समाज मदिरामय बन्दै गएको सहजै अनुमान गर्न सकिन्छ ।

कतिपय समुदायमा मदिराजन्य वस्तुको धार्मिक र सांस्कृतिक महत्त्व बढ्दो छ । उदाहरणका लागि किराती समुदायमा मदिराबिनाको धार्मिक र सांस्कृतिक अनुष्ठान कल्पना गर्न सकिँदैन । किरातीको महान् चाड उँभौली र उँधौलीका दिन मनाइने पर्वमा मदिरालाई प्रसादका रूपमा ग्रहण गरिन्छ भने नेवार समुदायमा पनि मदिराको महत्त्वपूर्ण भूमिका छ । यद्यपि चाडबाडमा मदिराको उपभोगलाई सामान्य रूपमा लिए पनि पछिल्लो समय चाडपर्वका दिन सार्वजनिक स्थलमा मदिराजन्य वस्तुको जथाभावी बेचबिखन र सेवन बढ्दै गएको देखिन्छ ।

अमेरिका, बेलायत तथा अस्ट्रेलियालगायत कतिपय विकसित मुलुकमा मदिराको बेचबिखन र सेवन गर्न निश्चित प्रक्रिया र उमेर तोकिएको हुन्छ । छिमेकी मुलुक भारतका कतिपय राज्यमा मदिराजन्य वस्तुको बिक्री वितरण र सेवनमा सरकारले प्रतिबन्ध लगाएको छ । विहार राज्यमा मदिराप्रेमीले निश्चित समयमा निश्चित उमेर पुगेपछि मात्र मदिरा किन्न पाइन्छ भने हामीकहाँ तीनै तहको सरकार मदिराजन्य वस्तुको बिक्रीवितरण र सेवनमा उदार बन्ने गरेको देखिन्छ । हामीकहाँ १८ वर्षभन्दा मुनिका व्यक्तिलाई मदिरा बेचबिखन गर्न नपाइनेजस्ता कानुन त छन्, तर ती पालना गराउन स्थानीय तहहरू चुकेका देखिन्छन् । विद्यालय तथा मठमन्दिरबाट सय मिटरवरिपरि यस्ता पसल सञ्चालन गर्न नपाउने भनिए पनि चोकैपिच्छे खुलेका मदिरा पसलले सरकारी नियम उल्लंघन गर्दै आइरहेको देखिन्छ ।

केही समययता कोशी प्रदेशमा सरकारले घरेलु मदिरालाई ब्रान्डिङ गर्ने भनेर रणनीतिक योजना अघि बढाइरहेको विषयमा सञ्चारका विभिन्न माध्यमहरूले समाचार सम्प्रेषण गरेका थिए । तथापि यी र यस्ता कार्यक्रमलाई स्थानीय तहले कसरी कार्यान्वयन गर्छन् भन्नेबारे बहुसंख्यक अनभिज्ञ छन् । घरेलु मदिरालाई ब्रान्डिङ गरेर सरकारले यसबाट थप राजस्व संकलन गर्ने दूरगामी कार्यक्रम अघि सारे पनि विगत र वर्तमानमा मदिराजन्य वस्तुले व्यक्ति र समाजमा पारेको दूरगामी र नकारात्मक प्रभावबारे सरकारले लेखाजोखा गरेको देखिँदैन ।

मदिराजन्य वस्तुको बेचबिखनबाट राज्यले प्राप्त गर्दै आएको राजस्वभन्दा कैयौं गुणा बढी मानव स्वास्थ्य तथा समाजमा पारेको नकारात्मक र दूरगामी प्रभावबारे सरकारले अध्ययन गर्न जरुरी छ । यति मात्र होइन, छिमेकी मुलुक भारतमा जस्तै मदिराजन्य वस्तुको बेचबिखन र उपभोग गर्न विशेष नियम कानुन र उमेरको हदबन्दी तोक्न जरुरी छ । चाडबाडका बेला सार्वजनिक स्थलमा मदिराजन्य वस्तुको बेचबिखन र उपभोग बन्देज गर्न स्थानीय सरकारले पनि निगरानी बढाउन जरुरी छ ।



# निकुञ्ज क्षेत्रमा पूर्वाधार...

न्यायाधीश मल्लले भने केही फरक दृष्टिकोणका साथ रिट जारी हुने आदेश गरेकी छन् । नेपालको संविधानको धारा ५१ (छ) (८) ले 'वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमतिजस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्तसमेत अवलम्बन गर्नुपर्ने मान्यतालाई आत्मसात् गरेको छ' भनी व्यवस्था गरेको र वातावरण विनाशलाई सुधार गर्न नसक्ने ठाउँमा जोखिमपूर्ण अभ्यास नगर्नु नै बेस हुने भन्दै उनले संशोधित ऐन खारेज गर्ने आदेश गरेकी हुन् । निकुञ्ज ऐन संशोधन गरेर अनावश्यक र जोखिमपूर्ण भाषा राखी सरकारले वातावरण संरक्षणलाई आहत गर्ने बाटो तयार गरेको मल्लको फरक दृष्टिकोणसहितको आदेशमा उल्लेख छ ।

'यो व्यवस्था वातावरण र मानव सभ्यताका निमित्त घातक सिद्ध हुने देखिन्छ,' वातावरण र विकासलाई सँगसँगै लैजानुपर्ने सिद्धान्तको व्याख्यासहित मल्लले भनेकी छन् ।

न्यायाधीश फुयालले भने आदेशमा फरक मत राखेका छन् । संविधानले स्वच्छ वातावरणको हक दिए पनि 'राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न सकिने' पनि भनेकाले वातावरण र विकास सँगसँगै लैजानुपर्ने भन्दै यसलाई एकअर्काका परिपूरकका रूपमा हेरिनुपर्ने न्यायाधीश फुयालको दृष्टिकोण छ ।

'करिब ५० वर्षको अन्तरालअघि जारी गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप भएका दफाहरूलाई उक्त ऐनको प्रस्तावना र उद्देश्य तथा परिवर्तित अवस्थामा आएका संवैधानिक परिवर्तन, आर्थिक नीति र विकासको राष्ट्रिय आकांक्षामा देखिएको दबाब तथा परिवर्तित अन्तर्राष्ट्रिय र क्षेत्रीय आर्थिक विकासको परिधिमा समेत हेरिनुपर्दछ,' उनले लेखेका छन्, 'थप गरिएका दफा ५क र ६(१क) को उद्देश्य राष्ट्रिय निकुञ्ज, आरक्षण वा संरक्षण क्षेत्रलाई भंग गर्नु वा तिनीहरूको विनाश गर्नु हो भन्ने निष्कर्ष निकाल्न सकिँदैन ।' अतिसंवेदनशील क्षेत्रका रूपमा स्थापना गर्दा त्यसभन्दा बाहेकका क्षेत्रमा निश्चित प्रकृतिका विकास कार्य गर्न सकिन्छ भन्नेसम्म अर्थ लाग्ने भएकाले संशोधित ऐन नै खारेज गर्नुपर्छ भनी परेको रिट खारेज हुने उनको आदेशमा उल्लेख छ ।


वातावरणजस्तै विकास पनि अन्तरपुस्ताको चासो भएकाले यसलाई एकोहोरो निषेध गर्ने हदसम्म 'माननीय न्यायाधीशहरूको रायसँग सहमत हुन सकिएन' भन्दै उनले रिट खारेज हुने ठहर गरेका छन् ।

# अदालतले भन्यो, 'गोर्खा मिडियामा रविले...

'लामिछाने प्रबन्ध निर्देशक भएका बेलामा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको सदस्य नरहेको गोर्खा मिडिया नेटवर्कको खातामा सहकारीबाट रकम आएको देखियो,' आदेशमा भनिएको छ, 'गोर्खा मिडिया नेटवर्कको खाताबाट लामिछानेको एकल हस्ताक्षरमा विभिन्न व्यक्तिका नाममा रकम भुक्तानी भएको देखिादा अहिले नै लामिछाने प्रस्तुत वारदातमा कसुरदार होइनन् भन्ने अवस्था देखिएन ।'

आदेशमा भनिएको छ, 'प्रस्तुत मुद्दाको प्रकृतिसमेतलाई मध्यनजर राखी मुद्दाको कारबाहीको सिलसिलामा प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी मुद्दा पुर्पक्षको प्रयोजनका लागि हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा प्रतिवादी रवि लामिछानेबाट साठी लाख रुपैयाँ नगद धरौटी वा सो बराबरको जेथा जमानत दिए लिई तारिखमा राख्नू ।' स्वर्णलक्ष्मी सहकारी ठगी अभियोगमा गत पुस २१ मा लामिछानेसहित ३९ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो । उनीहरूमाथि २ अर्ब ४१ करोड बिगो दाबी गरिएको छ ।

स्वर्णलक्ष्मी सहकारी ठगीमा लामिछानेको पक्षमा पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठ, सुशील पन्त तथा अधिवक्ता सुरज बस्नेतलगायतले बहस गरेका थिए । जाहेरवालाका तर्फबाट वरिष्ठ अधिवक्ताहरू सुरेन्द्र भण्डारी र दिनेश त्रिपाठीले जवाफी बहस गरेपछि साढे ३ बजे न्यायाधीश अधिकारीले आदेश लेख्ने तयारी गरेका थिए । बहसलगत्तै बाहिर निक्लेका त्रिपाठीलाई लामिछानेका समर्थकले कुटपिट गरेका थिए । 'म घर जान खोज्दा अदालतबाहिर ठूलो भीड थियो । त्यहाँ केही युट्युबरले मसँग प्रश्न गर्न थाले,' उनले भने, 'कुरा हुँदै गर्दा ममाथि हातपात भयो । संयोगले बाटो हिँड्दै गरेका दुई मानिसले आफू कुटाइ खाएर मलाई जोगाए, नत्र ज्यानै जान सक्थ्यो ।' तत्कालै प्रहरी आइपुगेकाले बल्लतल्ल आफू अदालतभित्र जान सकेको पनि उनले बताए । 'यो कायरतापूर्ण काम हो,' त्रिपाठीले भने, 'रास्वपाले यसको जिम्मा लिनुपर्छ ।' जिल्ला बार एसोसिएसनले विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरेको छ ।



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**काठमाडौं जिल्ला अदालतको आदेशबमोजिम धरौटी बुझाएर थुनामुक्त हुँदै रास्वपाका संस्थापक सभापति रवि लामिछाने ।**

**कास्की अदालतको आदेशविरुद्ध निवेदनको तयारी**

पोखराको सूर्यदर्शन सहकारी ठगीमा रास्वपाका संस्थापक सभापति रवि लामिछानेसहित ७ जनालाई धरौटीमा छाड्ने कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको आदेश बदरको माग गर्दै उच्च अदालतमा दिइने निवेदनको मस्यौदा उच्च सरकारी वकिलको कार्यालयमा पुगेको छ । सातै जनालाई पुर्पक्षका लागि कारागार पठाउने आदेशको मागसहित निवेदनको मस्यौदा जिल्ला सरकारी वकिलको कार्यालयले तयार गरेर उच्च सरकारी वकिल कार्यालयमा बुझाएको हो ।

जिल्ला न्यायाधीश राईको गत बिहीबारको आदेशबाट लामिछानेका साथै गोर्खा मिडियाका पूर्वउपाध्यक्ष छविलाल जोशी, अध्यक्ष जीबी राईका साझेदार रामबहादुर खनाल र लीला पछाई, सूर्यदर्शन सहकारीका पूर्वपदाधिकारी मीना गुरुङ (एमालेबाट पूर्वप्रदेश सांसद), कृष्णबहादुर गुरुङ र आरती गुरुङ रिहा भएका थिए । जिल्ला अदालत कास्कीले जोशीसँग ८८ लाख, लामिछानेसँग ६५ लाख, पछाईसँग ३७ लाख, खनालसँग १५ लाख, कृष्णबहादुर गुरुङसँग १ लाख, मीना गुरुङसँग ५ लाख र आरती गुरुङसँग ५ लाख धरौटी मागेको थियो । उनीहरू सातै जनाका सम्बन्धमा जारी जिल्ला अदालतको बेरीतको आदेश बदर गरिपाउँ भनी बुधबार निवेदनको मस्यौदा तयार गरी उच्च सरकारी वकिल कार्यालय पोखरामा बुझाएको जिल्ला न्यायाधिवक्ता कमला काफ्लेले जानकारी दिइन् ।

जिल्ला अदालतको आदेश बदरको माग गर्नुका पछाडि धेरै कारण रहेको जिल्ला न्यायाधिवक्ता काफ्लेको भनाइ छ । 'पीडितमा पर्न जाने असर, दाबी गरिएको बिगो अंक, विभिन्न कसुरमा प्रतिवादीलाई हुन सक्ने सजाय, अनुसन्धानका क्रममा संकलित पीडितको उजुरीपछि बरामद गरिएको सर्भर, वित्तीय विश्लेषणले औंल्याएका त्रुटिलगायतका समग्र आधार हेर्दा यस्ता प्रकृतिका कसुरमा थुनामै राखी कारबाही गर्नुपर्छ,' उनले भनिन् ।

प्रतिवादीबाट न्यून बिगो लिइएको समेत काफ्लेले उल्लेख गरिन् । 'मिसिलसँग तत्काल बुझिएका प्रमाणबाट प्रतिवादीहरू कसुरदार होइनन् भन्ने देखिँदादेखिँदै र अदालतबाट आदेश हुँदासमेत प्रतिवादीहरू तत्काल बुझिएका प्रमाणबाट समेत कसुरदार होइनन् भन्ने अवस्था देखिँदैन भन्ने स्वीकार गरिसकेको अवस्थामा समेत अदालतबाट थुनामै राखी कारबाही गर्नुपर्नेमा अति न्यून बिगो लिएर धरौटीमा छोड्ने आदेश भएको छ, जुन त्रुटिपूर्ण छ । त्यसलाई बदर गरिपाउँ, प्रतिवादीहरूलाई थुनामै राखिपाउँ भनेर हामीले निवेदन पठाएका छौं ।'

उच्च सरकारी वकिल कार्यालयका सहायक न्यायाधिवक्ता एवं सूचना अधिकारी महेश अर्यालले जिल्ला सरकारी वकिल कार्यालयले बुझाएको निवेदनको मस्यौदामाथि अध्ययन भइरहेको जानकारी दिए । 'सम्भवतः शुक्रबारसम्म उच्च अदालत पोखरामा निवेदन दर्ता गर्छौं,' उनले भने ।

यसैबीच, सूर्यदर्शन बचतपीडित संघर्ष समितिले सहकारी समस्या समाधान गर्नुको सट्टा झनै जटिल बनाउँदै लगिएको भन्दै आपत्ति जनाएको छ । सहकारी समस्यालाई जटिल बनाउनमा सरकार, प्रशासन, जिम्मेवार निकाय र विभिन्न दल संलग्न रहेको संघर्ष समितिको आरोप छ । सूर्यदर्शन बचतपीडित संघर्ष समितिले सहकारी ठगीका आरोपितलाई मुद्दा पुर्पक्षका लागि धरौटीमा रिहा गर्ने आदेश र प्रक्रिया त्रुटिपूर्ण भन्दै पुनरावेदन गर्न माग गरेको छ । 'यस आदेशले हामी सहकारीपीडितको न्यायमा आघात पुग्ने खतरा बढेको छ । सरकार, शासन र शक्तिकेन्द्रलाई नै प्रभावमा पार्न सक्ने आरोपितहरू थुनामुक्त हुनुले हामी सहकारीपीडितले न्याय पाउनेमा संशय बढेको छ, यो विषय कुनै व्यक्तिगत आग्रह-पूर्वाग्रह, कुनै राजनीतिक प्रभाव, नाफा-घाटा वा कुनै प्रतिशोधको होइन, यो हामी सहकारीपीडितको न्यायको हो,' पीडितले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

जिल्ला अदालतको आदेशले पीडितलाई थप पीडा दिएको भन्दै उनीहरूले त्यस आदेशमाथि थप कानुनी उपचारको माग गरेका छन् । 'आदेश सहकारीपीडितप्रति पूर्वाग्रहपूर्ण देखिन्छ । पुस २५ मा सम्मानित कास्की जिल्ला अदालतले गरेको आदेशउपर यथाशीघ्र थप कानुनी उपचारका लागि पुनरावेदनको प्रक्रिया अगाडि बढाउन सरकारसँग जोडदार माग गर्छौं,' विज्ञप्तिमा भनिएको छ, 'समग्र सहकारीपीडितको न्यायसँग जोडिएको यस विषयमा ढिलासुस्ती भएर विषयान्तर गर्न खोजिए सम्पूर्ण सहकारीपीडित एक भई थप आन्दोलनमा उत्रने जानकारी गराउन चाहन्छौं ।'

जिल्ला अदालतको आदेशका सम्बन्धमा न्याय परिषद्मा उजुरी दिने चेतावनी पनि पीडितले दिएका छन् । सहकारीपीडितको पक्षमा बोल्ने र बहस गर्ने अधिवक्तामाथि कुटपिट र सामाजिक सञ्जालमा गाली-बेइज्जती भइरहेको प्रति पनि पीडित संघर्ष समितिले आपत्ति जनाएको छ । त्यस्तो कार्यमा संलग्नलाई कानुनी कारबाही गर्न समितिको माग छ ।

### कास्की जिल्ला अदालतको आदेश

- निज प्रतिवादी (रवि लामिछाने) को एकल हस्ताक्षरबाट गोर्खा मिडिया कम्पनीका ८१४ चेकको कारोबार भएको देखियो
- प्रबन्ध निर्देशकजस्तो जिम्मेवार पदमा रही चेकमा हस्ताक्षर गर्ने हैसियतसमेत राखेको देखियो
- प्रतिवादी गोर्खा मिडियाको आधिकारिक व्यक्ति हुनुअघि र अलग भएपश्चात् पनि केही चेकमा हस्ताक्षर गरेको देखियो
- सहकारीको रकम लामिछानेको खातामा आउने र त्यहाँबाट अन्यत्र जाने कार्यसमेत भएको देखियो
- सूर्यदर्शन सहकारीको २ करोड स्ट्यान्डर्ड चार्टर्ड बैंकमा रहेको जीबी राईको खातामा गएको र सोही रकममध्ये ७५ लाख ग्लोबल आईएमई बैंकमा रहेको रवि लामिछानेको खाता हुँदै गोर्खा मिडियामा गएको देखियो
- अन्य प्रतिवादीहरूसँग अन्तरसम्बन्ध र बैंक खाताको ट्रान्जेक्सन (कारोबार) समेतका आधार प्रमाणबाट प्रतिवादी कसुरदार रहेनछन् भन्न सकिने मनासिब आधार नदेखिएको
- पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी ६५ लाख धरौटी लिई लामिछानेलाई तारिखमा राख्नू


# हजुरको स्मृतिमा



नास्ति मातृसमा छाया नास्ति मातृसमा गतिः ।
नास्ति मातृसमं त्राणं नास्ति मातृसमा प्रपा ॥

माताको समान कुनै छायाँ हुँदैन, कुनै आश्रय हुँदैन, कुनै सुरक्षा हुँदैन ।
माताको समान यो ब्रह्माण्डमा कोही जीवनदाता हुँदैन ॥

ममताले भरिपूर्ण, सदैव परिवारलाई सर्वोपरी राखी शितल छहारी प्रदान गर्नु हुने हाम्रा संरक्षक तथा करुणामयी **"मा"** को स्वर्गारोहण भएको ४५औं दिनको पुण्यतिथिमा हामीप्रति सद्भाव दर्शाउनु भई हामीलाई हौसला प्रदान गर्नुहुने सम्पूर्ण आफन्त, इष्टमित्र तथा शुभ-चिन्तकहरु प्रति **श्रेष्ठ परिवार** हार्दिक आभार व्यक्त गर्दछ ।

उहाँको अगाध स्नेह, निश्वार्थ सेवा भाव तथा दृढताबाट शिक्षा लिई उहाँले दर्शाउनु भएको पथमा हामी सधैं अघि बढिरहने छौं ।

**हजुर सधैं हाम्रो मुटुमा अविस्मरणीय रहिरहनु हुनेछ ।**

श्रीमान/श्रीमती प्रो. डा. मनोहर कृष्ण श्रेष्ठ तथा रीमा श्रेष्ठ
श्रीमान/श्रीमती चन्द्र भक्त श्रेष्ठ तथा सहाना श्रेष्ठ
श्रीमान/श्रीमती राजेश श्रेष्ठ तथा सबिना श्रेष्ठ
श्रीमान/श्रीमती रितेश कृष्ण श्रेष्ठ तथा दिप्ता श्रेष्ठ
श्रीमान/श्रीमती सचित कृष्ण श्रेष्ठ तथा उपासना श्रेष्ठ
श्रीमान/श्रीमती अभि कृष्ण श्रेष्ठ तथा सूचिता श्रेष्ठ
संचित/उर्भी/उर्जा/उरभ/रहस/श्रेणीका तथा आर्यभ

**शान्ता देवी श्रेष्ठ**
१९८९/१०/०३ - २०८१/०८/१८

# भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. २००१ माघ १ गते

स्वर्गारोहणः
वि.सं. २०८१ पुष २० गते

**स्व. डि. ई. धन प्रसाद श्रेष्ठ**

हाम्रो प्यारो बुबा डि.ई. धन प्रसाद श्रेष्ठको ८० वर्षको उमेरमा उपचारको क्रममा असामयिक स्वर्गारोहण भएको १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद घडीमा हामीप्रति सहयोग, सहानुभूति तथा समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण आफन्त, छरछिमेक, ईष्टमित्र, संघसंस्था, शुभचिन्तक महानुभावहरु एवं मेडिसिटी हस्पिटल परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

श्रीमतीः
लक्ष्मी देवी श्रेष्ठ

छोराः
इल्टन श्रेष्ठ

छोरीहरुः
लिना, डिना, सिना श्रेष्ठ

तथा
सम्पूर्ण श्रेष्ठ परिवार

# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुर एरियामा घरजग्गा खरिदबिक्रिकोलागि 9849188782

सामाखुसीचोकबाट १.२किमि ग्रान्डि हस्पीटल जानेतर्फ टोखारोड धापासी (ग्रिनल्याण्डचोक)मा २४आना नविल बैकंभएको कमर्सियल भवनसहित ९८२३१०७१८१

गोंगबु बसपार्कभित्र नेपालटेलिकम नपुग्दै OPPOSITE SIDEको तीनदोबाटोमा रहेको ७आनामाबनेको कमर्सियलभवन ९८२३१०७१८१

बुढानिलकण्ठ हात्तीगौडामा १५आनाजग्गा ५५लाखको अहिले आनाको ५०लाखमा उत्तरपूर्वी मोहडा १६फिटेबाटो, ९७०९७११११३

स्वयम्भू रिङ्गरोडबाट 3.4 कि.मि नागार्जुन वडा न.६ मा ०-७-१-० जग्गा आनाको १४.२५ लाख, 9823452264

सतुंगलमा कम्पाउण्डवाल लगाएको बाह्रआना जग्गा बिक्रिमा, 9851088736

ककंनीमा सस्तोजग्गा ३ रोपनी ९८१३७२६६३६

लाजिम्पाट अम्बिका मार्ग ३.५ आनामा घर मुख्य सडकबाट ५ मिनेट, 9851070114

गोठाटार नौतुमधाम कृष्ण मन्दिरको दक्षिण २० फिटे पिचबाटोमा ६ रोपनी जग्गा एक मुस्ट वा टुक्रा गरेर भाडामा ९८५११०८६०५

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

धितोफुकुवा, बैंकलोन चाहिएमा 9851065811, 9841007757

लोन धितोफुकुवा Bank Balance 9845272414

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८५१०४५२१८

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

## विविध बिक्रीमा

अतिव्यस्त खाजाघर बिक्रिमा, बालाजुचोक ९८४९४३८७३९

तीनकुने बागमती कोरिडोरमा सात वर्षबाट चलिरहेको आफ्नैभवन भएको जग्गाकोभाडा मात्रतिर्नुपर्ने १५० जना क्षमताभएको तिस हजार भाडाको रेस्टुरेन्ट विदेशभिषा लागेकोले बिक्रीमा ९८६४४६२१६८

एकान्तकुना रिङरोडमा पार्किंगसहित चलिरहेको partypalace बिक्रीमा ९८२१५५९६५८

तिनकुनेको किराना पसल बिक्रीमा ९८१५३२५१२२

## निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सेफ्टीट्यांकी सफाई ९८४१२१२२४४ ९८४१४८८१३२, ०१-५१८२४०१

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- ९८४३७६८७३७

ढलमंगााल जामखोल्ने सेफ्टीटंयाकी तान्ने 9843999386

## भाडामा

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

पदमकोलनी गेटअगाडि २ सटर २.५ तल्ले ठूलो हलसमेत सस्तोभाडामा, 9823452264

## चाहियो

स्पाको लागि अनुभवी लेडिज मसाज थेरापिस्ट चाहियो तलब २२,०००/- 9841330025

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९०००-२३०००, ९८२३००५३८४

कृषिमा लगानीगर्न चाहने लगानीकर्ता चाहियो 9709804672

अफिसमा दुईमहिला एकपुरुष गंगबु, ठमेल 9709359571

व्येल्डिङमिस्त्री तथा हेल्पर चाहियो ९८५१००६१६३

हेडकुक-२, तलब-३०,०००।-, हेल्पर सिनियर-२जना, तलब-१५,०००।-, डिउटी-९घण्टा, न्यूरोडः ०१५३२०४१२

पसलमा कामगर्ने महिला चाहियो ९८४९६६९४६५

मम:मेकर, डेलिभरीब्वाई, मसाल्चि तुचाहियो 9863337103

रिसेप्सनिष्ट, कम्प्युटरअपरेटर, ग्राफिकडिजाईनर चाहियो 9849–960614

**खानेबस्ने सुविधासहित घरको कामगर्ने ईमान्दार महिला चाहियो ९८०८७४९७७५**

पोल्ट्रीफार्मकोलागि दुईजोडी कामदार चाहियो तलब:जोडीको २२,०००।- ९८५१०५७४०४

कुक चाहियो, टिचिङ अगाडी 9803670327

गाडी वासिङ्ग मिस्त्री चाहियो ९८५१०७२८९८

अनुभवी क्यान्टिन कुक -२ तलब २५०००- ३०,०००/- कमलादी ९८४१२९९७९४

घरमा कामगर्ने महिला कर्मचारी ९८१३४८८४८

स्ट्रीटफुड मम: पसलमा हेल्पर, काउन्टरमा कामगर्ने महिला पुरुष खानबस्न सहित चाहियो ९८०१७६३९९९

## मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगाल सेफ्टीट्यांकी जामखोल्ने 9841050858

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

घरमै LED.TV, फ्रिज, वासिङमेसिन ९८४१२९६१९२

## भर्ना

Private SEE, फर्मभर्ने अन्तिमदिन माघ ८, कक्षा सञ्चालन भइरहेकोछ, City School Koteshwor, 9841206019

## बिहावारी

Australia पिआरकेटोलाई उतैभएको बधूचाहियो -9765230788

20-65 नेवार, बाहुन, लमीबाजे, 9851352212

२१देखि४० वर्षसम्मका ब्राम्हण/क्षेत्री नेवारहरूमा थर नमिलेपनि विवाहगर्न विचारधारा भएकोले सम्पकः ९८०८४७५७१४

# निजी कम्पनीलाई प्रिमियममा आईपीओ ल्याउन अब सहज

## प्रिमियम मूल्यको सेयर जारी गर्दा कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र ३ वर्षको लेखापरीक्षण नचाहिने

**कान्तिपुर संवाददाता** (काठमाडौं)




सरकारले प्राइभेट (निजी) कम्पनीलाई अंकित मूल्यभन्दा धेरै (प्रिमियम) मा सेयर जारी गर्न सजिलो व्यवस्था गरेको छ। सरकारले सार्वजनिक सेवा सुधार र आर्थिक तथा व्यावसायिक वातावरण एवं लगानी अभिवृद्धि गर्न भन्दै २६ वटा कानुनमा संशोधन गर्न ल्याएको अध्यादेशमा यस्तो व्यवस्था गरिएको हो। मन्त्रिपरिषद्को निर्णयअनुसार गत शुक्रबार सिफारिस भएका दुई दर्जन कानुन सुधार्ने चार अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार जारी गरेका छन्। ती अध्यादेशले सार्वजनिक सेवामा सुधार र लगानी अभिवृद्धि हुने सरकारको दाबी छ।

सरकारले अध्यादेशमार्फत कम्पनी ऐन २०६३ संशोधन गरी उक्त व्यवस्था गरेको हो। 'प्राइभेट कम्पनीको हकमा दायित्वभन्दा सम्पत्ति बढी भएकामा साधारणसभाबाट विशेष प्रस्ताव पारित गरी प्रिमियम मूल्यको सेयर जारी गर्दा हाल कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र ३ वर्षको लेखा परीक्षण आवश्यक पर्ने व्यवस्था हटाई प्रक्रियामा सरलीकरण गरिएको छ,' अध्यादेशमा उल्लेख छ।

कम्पनी स्थापना भएपछि संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगदबाहेक अरू १० कुनै माध्यमबाट सेयर खरिद, जारी वा सेयरमा हक प्राप्त गर्ने अधिकार प्रदान गर्न सक्ने व्यवस्था सरकारले गरेको छ। 'कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगदबाहेक अरू कुनै किसिमबाट सेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा कम्पनीको साधारणसभाबाट विशेष प्रस्ताव पारित गर्नुपर्नेछ। त्यसरी विशेष प्रस्ताव पारित गर्दा सेयर डिस्काउन्टमा निष्कासन वा बिक्री गर्न सक्नेछ,' निर्देशनमा भनिएको छ।

सरकारी ठेक्कापट्टामा उत्पन्न विवाद मध्यस्थताबाट समाधान गर्दा भएको ढिलाइ अन्त्य गर्न द्रुत मध्यस्थताको व्यवस्था सरकारले गरेको छ। मध्यस्थताको कारबाहीमा थप सुधार गर्दै निर्णयलाई अन्तिम रूप प्रदान गर्न र निर्णय कार्यान्वयनलाई सहजीकरण गर्न अदालतले मध्यस्थताको निर्णयको कार्यान्वयन स्थगित गरे मात्र निर्णय कार्यान्वयन नहुने, मध्यस्थको निर्णय बदरको निवेदनले मात्र नपुग्ने व्यवस्था अध्यादेशमा छ।

'स्वेट सेयर (व्यापारिक ख्याति, गुडविल, नो हाउ सेयरिङका आधारमा प्राप्त हुने सेयर) लाई थप व्यवस्थित गर्दै स्टार्ट-अप उद्यमको हकमा चुक्तापुँजीको ४० र कम्पनीको हकमा २० प्रतिशत सेयर व्यक्तिलाई प्रदान गर्न सकिने व्यवस्था गरिएको छ,' अध्यादेशमा भनिएको छ। कम्पनीका कर्मचारीले प्राप्त गरेको कर्मचारी सेयर बिक्रीसम्बन्धी व्यवस्था स्पष्ट पारिएको छ। कम्पनी दर्ता सहज तरिकाले गर्न सक्ने तर बन्द गर्दा हुने झन्झटलाई अन्त्य गरिएको छ। विवरण नबुझाएका कारण कम्पनीलाई लाग्ने जरिवानामा ९० प्रतिशतसम्म छुट दिइएको र कम्पनीको दर्ता खारेजीलाई सहज गरिएको व्यवस्था पनि अध्यादेशमा छ।

> **मन्त्रिपरिषद्ले सिफारिस गरेका दुई दर्जन कानुन सुधार्ने चार अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलद्वारा जारी**

'उत्पादनमूलक उद्योगले मात्र विशेष आर्थिक क्षेत्रभित्र रहेका उद्योगलाई उत्पदान बिक्री गर्दा निर्यात गर्ने उद्योगसरह सुविधा प्राप्त गर्ने हालको व्यवस्थामा सो सुविधा सेवामूलक उद्योगलाई पनि प्रदान गरिएको छ,' अध्यादेशमा भनिएको छ, 'बाहिर उद्योग सञ्चालन गरिरहेका उद्योगले विशेष आर्थिक क्षेत्रभित्र स्थानान्तरण गरे त्यस्ता उद्योगलाई समेत कर छुटको व्यवस्था गरिएको छ।'

संघीय सञ्चित कोषको सन्तुलनका लागि प्रचलित कानुनबमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी संघीय सञ्चित कोषमा जम्मा गर्न सक्ने व्यवस्था सरकारले गरेको छ। त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा महालेखा नियन्त्रकको कार्यालयले राख्नेछ।

'अन्य सरकारी कोषको विवरण महालेखा नियन्त्रकको कार्यालयले अद्यावधिक गर्नेछ। त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखे नेपाल सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ,' अध्यादेशमा भनिएको छ, 'योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी ३ वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्नेछ।'


स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन ७ गतेभित्र अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने व्यवस्था पनि अध्यादेशमा छ। 'स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी ३ वर्षको बजेट तर्जुमाका लागि बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितताबमोजिमको आवश्यक रकमसमेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नेसम्बन्धी मार्गदर्शन प्रत्येक आर्थिक वर्षको फागुन ७ भित्र अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने,' अध्यादेशमा भनिएको छ।

राष्ट्रिय योजना आयोगबाट प्राप्त विवरणका आधारमा बजेट सीमा र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गरी फागुन १५ भित्र पठाउनुपर्ने, बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमताका आधारमा समेत प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सक्ने व्यवस्था सरकारले गरेको छ।प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रूपमा थपघट वा परिमार्जन भए त्यसको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था अध्यादेशमा छ। **बाँकी पृष्ठ ८**

# तीन करोडसम्मको राजस्व चुहावट कसुरमा मुद्दा नचलाइने

## बिगो तथा जरिवानाको रकम तत्कालै सरकारी कोषमा दाखिला हुने

**ऋषिराम पौड्याल** (काठमाडौं)



अनुसन्धानबाट यकिन भएको तीन करोडसम्मको राजस्व चुहावटसम्बन्धी कसुरमा कुनै पनि व्यापारिक फर्म, निकाय वा व्यक्तिले बिगो र त्यसअनुसारको जरिवाना तिर्न राजी भए मुद्दा खेप्नु नपर्ने भएको छ। विद्यमान ऐनमा ५० लाखसम्म बिगो तथा जरिवाना असुल्नुपर्ने कसुरमा मात्र मुद्दा नचल्ने व्यवस्था थियो।

राजस्व चुहावट नियन्त्रण तथा रोकथामसम्बन्धी ऐनमा अध्यादेशमार्फत संशोधन गरेर ल्याइएको नयाँ व्यवस्थाले बिगो तथा जरिवानाको रकम तत्कालै सरकारी कोषमा दाखिला हुने भएको छ। अब व्यवसायीले पनि तीन करोडसम्मको बिगो र जरिवानाको कसुरमा मुद्दा खेप्न नपर्ने भएको हो। व्यापारिक फर्म वा व्यक्तिले कसुरअनुसारको राजस्व बुझाए मुद्दाको सामना गर्नु नपर्ने भएको राजस्व विभागका अधिकारी बताउँछन्। तर बदनियतपूर्वक राजस्व छली नै गरेको अवस्थामा भने जतिसुकै कम रकम भए पनि राजस्व छलीमा मुद्दा नै दर्ता गरिनेछ।

नियत नराखी भएको राजस्व छलीको घटनामा अब राजस्व अनुसन्धान विभागले तीन करोडभन्दा बढी असुल्नुपर्ने मुद्दा मात्र उच्च अदालतमा लैजानेछ। विभागले अदालतमा दर्ता गरेका राजस्व चुहावटसम्बन्धी अधिकांश मुद्दामा सरकार असफल हुने र राजस्व प्राप्त गर्न अनेक झन्झट बेहोर्दै वर्षौं कुर्नुपर्ने विगतको अनुभवका आधारमा ऐनमा संशोधन जरुरी भएको सरकारी उच्च अधिकारीहरूले बताए।

मुद्दा दर्ताका लागि दायरा बढाउन अर्थका अधिकारी र व्यवसायीले पटक-पटक अनुरोध गर्दै आएका थिए। यसअघि पनि दायर बढाएर ५ करोड पुर्‍याउनुपर्ने प्रस्ताव तयार गरेर 'पेन्डिङ' मा रहेको उक्त प्रावधान अहिले अध्यादेशमार्फत ३ करोडमा राखेर ऐनका रूपमा आएको हो।

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम ऐन, २०५२ लाई परिमार्जन गरेर यसअघि राजस्व अनुसन्धान विभागलाई ५० लाखसम्मको राजस्व चुहावटको कसुरमा मात्र मुद्दा नचलाउने अधिकार दिइएको थियो। मन्त्रिपरिषद्को २०७४ फागुन ११ को बैठकले सरकारको कार्यविभाजन नियमावली परिमार्जन गरेर राजस्व अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत लगिएको थियो। यसअघि विभाग अर्थ मन्त्रालयअन्तर्गत थियो।

विभागलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत राखेर ५० लाखभन्दा बढी बिगो तथा जरिवानामा राजस्व चुहावटको मुद्दा चलाउने अधिकार दिइएको थियो। तर यसरी चलाइएका मुद्दा धेरैजसो असफल भएपछि राजस्व संकलनमा झन् नकारात्मक प्रभाव परेको अनुभवका आधारमा अध्यादेशमार्फत ५० लाखको सीमा बढाएर तीन करोड पुर्‍याइएको अर्थका अधिकारी बताउँछन्। संशोधित ऐनअनुसार राजस्व विभागले हाल अनुसन्धान गरिरहेको राजस्व छलीका घटना पनि तीन करोडसम्मको भएमा मुद्दा दर्ता हुने छैन।

> **डेढ करोड बिगो र त्यसअनुसार हुन आउने शतप्रतिशत जरिवानासमेत तीन करोडसम्मको राजस्व चुहावट यकिन भए मुद्दा चल्न नसक्ने प्रावधान**

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार न्यून रकममै पनि व्यवसायविरुद्ध मुद्दा चलाएर हीनताबोध गराएको भन्दै राजस्व प्रशासनकै कर्मचारीले परिवर्तनको माग गर्दै आएका थिए। 'फाइनान्सियल क्राइम' को बदला मुद्दा र जरिवानाभन्दा पनि पैसा नै तिराउनु उचित हुने सुझाव लामो समयदेखि सरकारलाई दिँदै आएको अनुसन्धान विभागका एक पूर्वमहानिर्देशकले बताए। 'व्यवसायीको माग पनि यही थियो,' उनले भने।

अध्यादेशमा गरिएको संशोधनअनुसार डेढ करोड बिगो र त्यसअनुसार हुन आउने शतप्रतिशत जरिवानासमेत तीन करोडसम्मको राजस्व चुहावट यकिन भए मुद्दा चल्न नसक्ने प्रावधान राखिएको छ। ऐनअनुसार उक्त रकम चुहावट गर्ने निकाय वा व्यक्तिबाट नगद नै असुल्न सक्ने अधिकार दिइएको छ। संशोधित ऐनमा भनिएको छ, 'जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेमा बाहेक अन्य तीन करोडभन्दा कम मूल्यको बिगोमा अन्य कर विभागलाई कर असुली गर्न लेखी पठाउने।'

ऐनमा सम्बन्धित व्यक्तिले बिगो वा जरिवाना रकम भुक्तानी गरे विभागले मुद्दा नचल्ने निर्णय गर्न सक्ने प्रावधान राखिएको छ। उक्त ऐन राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेकाले तत्कालै लागू हुनेछ। विद्यमान ऐनमा कुनै पनि मालवस्तु जाँच वा राजस्व छलीका घटनाको अनुसन्धानका आधारमा तिर्नुपर्ने रकम नतिरेको देखिएको अवस्थामा हुन आउने रकम र शतप्रतिशत जरिवाना जोडेर बिगो तथा बिगोअनुसारको जरिवाना यकिन गरिँदै आएको छ।

ऐनमा नियत राखेर राजस्व छली नै गरेको अवस्थामा भने जतिसुकै कम रकम भए पनि राजस्व छलीमा मुद्दा नै दर्ता गरिनेछ। बिगो र बिगोअनुसारको जरिवाना तिर्न अस्वीकार गरे राजस्व छलीको आरोप लागेका त्यस्ता व्यक्ति, व्यापारिक वा कुनै पनि निकाय विभागको निर्णयविरुद्ध आफैं मुद्दामा जान सक्नेछन्।

# इन्धनको मूल्य बढ्यो



काठमाडौं (कास)- नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ। भारतीय आयल निगमले पठाएको नयाँ मूल्यसूचीअनुसार इन्धनको मूल्य बढेको निगमले जनाएको छ। सोहीअनुसार पेट्रोलमा २ रुपैयाँ र डिजेल/मट्टीतेलमा ३/३ रुपैयाँ बढाएको हो। 'आईओसीबाट प्राप्त नयाँ मूल्यअनुसार पेट्रोलमा २.२४ रुपैयाँ र डिजेलमा ३.५५ रुपैयाँ बढेर आएको छ। निगम सञ्चालक समितिको निर्णयअनुसार साबिकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर पेट्रोलमा २ रुपैयाँ, डिजेल र मट्टीतेलमा ३/३ रुपैयाँले बढाउने निर्णय गरेको छ,' निगमका प्रवक्ता मनोज ठाकुरले भने।

> **पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ, डिजेल र मट्टीतेलमा ३/३ रुपैयाँले मूल्यवृद्धि**

नयाँ मूल्यअनुसार अब पेट्रोलको मूल्य प्रतिलिटर १ सय ६५ रुपैयाँ पर्छ। डिजेल र मट्टीतेल प्रतिलिटर १५६/१५६ रुपैयाँ पर्छ। नयाँ मूल्य बुधबार राति १२ बजेपछि लागू हुने निगमले जनाएको छ।


HELVETAS NEPAL

TRAIL-BASED TOURISM Development Project

**Request for Proposal (RFP)**

**Date of first publication: 16 January 2025**

**Diagnosing/Mapping of Food and beverages on Mundum Trail**

The Trail-based Tourism Development Project (TTDP) is a joint initiative of the Governments of Switzerland and Nepal. The goal of the project is for people in Koshi Province to increase their income and contribute to the conservation of culture with innovative and sustainable tourism offers. It focuses on four main trail routes namely Mundum, Chiyabari, Phalgunanda and Laligurans trails spanning 29 municipalities in Koshi Province.

The TTDP project requests proposals from consulting firms to procure consulting services to conduct a diagnostic/mapping study of food and beverage on Mundum Trail. The RFP along with Terms of Reference (TOR) is made available through https://notice.helvetasnepal.org/

Interested consulting firms that meet the requirements specified in the ToR shall submit the proposal along with the updated CV electronically to procurement.np@helvetas.org by 7 February 2025, 5:00 PM Nepal time. The proposal must be signed and compiled as a PDF file for submission. Any proposal received after the given deadline will not be considered for evaluation.

Telephone inquiries will not be entertained. Helvetas Nepal reserves the right to reject any or all proposals without assigning any reasons.

Food and Agriculture Organization of the United Nations

**VACANCY ANNOUNCEMENT**

The Food and Agriculture Organization of the United Nations, Country Office Nepal is hiring following Project Personnel:

**Issued on:** 15 January 2025 **Closure Date**: 29 January 2025

1. **Vacancy Announcement No.: 2500133**
- **Job Title, Duration, Duty Station**: Field Technician (PSA Contract), 215 days spread over 11 months, Rautahal District based, details are available in the following link:

  ***https://jobs.fao.org/careersection/fao_external/jobdetail.ftl?job=2500133&tz=GMT%2B02%3A00&tzname=Europe%2FBudapest***

**Issued on:** 14 January 2025 **Closure Date**: 28 January 2025

2. **Vacancy Announcement No.: 2500118**
- **Job Title, Duration, Duty Station:** Agriculture Engineer (PSA Contract), 60 days spread over 6 months, Kathmandu based with field visit, details are available in the following link:

  ***https://jobs.fao.org/careersection/fao_external/jobdetail.ftl?job=2500118&tz=GMT%2B01%3A00&tzname=Europe%2FBudapest***

- **HOW TO APPLY**
  For details information to apply, kindly request to visit the FAO recruitment website **"Jobs at FAO" (https://jobs.fao.org/careersection/fao_external/jobsearch.ftl?lang=en)** or **above-mentioned link** and complete your online profile. **Candidates are requested to attach a letter of motivation and educational certificates to the online profile, along with other supporting documents.** Only applications received through the FAO recruitment portal will be considered. Your application will be screened based on the information provided in your online profile. We encourage applicants to submit the application well before the deadline date.

**These positions are subjected to income tax payable as per the Income Tax Act of Government of Nepal.*

standard chartered

**Standard Chartered Bank Nepal Limited**
**Call for Expressions of Interest**

Expression of Interests (EoI) call for eligible Non- Governmental Organisations (NGO) to support Standard Chartered Bank Nepal Limited's Corporate Social Responsibility (CSR) initiatives.

1. As per the Unified Directive no. 6/080 clause 16 issued by Nepal Rastra Bank (NRB), Standard Chartered Bank Nepal Limited (SCBNL) has allocated 1% of Net Profit for FY 2081/82.
2. The proposed project should cater to all Provinces of Nepal excluding Bagmati province.
3. Eligibility Criteria:
   a. A registered NGO not affiliated to any government or political body and which has a proven track record of at least 3 years in delivering similar initiatives. (Note: SCBNL does not provide grants/donation to individuals or government agencies, capital building projects, lobbying initiatives and religious purposes).
   b. The NGO must submit their registration document, Social Welfare Council (SWC) registration, at least 3 years of audited annual accounts and the latest Tax Clearance Certificate when making the submission.
   c. The NGO must have an annual expenditure (restricted plus unrestricted from the statement of Income and Expenditure) which is at least 3 times higher than the value of the proposed project.
4. The submission along with the above documents should also include the following which are to be sent to CSR.Nepal@exchange.standardchartered.com with the subject line "EoI: Organisation Name_CSR_EoI_2024/25":
   a. CSR EoI summary form available at: https://av.sc.com/np/content/docs/np-csr-project-expression-of-interest-forml.pdf
   b. A separate MS Word or PDF document with elaborations on the following:
      i. Brief about the project and how the project is eligible under Unified Directive no. 6/080 clause 16 along with any relevant supporting evidence.
      ii. Activity plan and detailed budget (as this is a 1 year project, appropriate justifications and execution plans) including how value for money will be achieved (please mention the percentage of overhead cost in the budget).
      iii. Theory of change along with a summary infographic.
      iv. Monitoring & Evaluation (M&E) plan, proposed Key Performance Indicators (KPI's) and the list of evidence to be provided to SCBNL post completion.
      v. Short biographies of experts involved in the project and their remuneration as mapped to point 4.b.ii.
5. The budget for the project should be approximately NPR 5,000,000 (NPR Five million only)
   a. If the NGO is not tax exempt, applicable taxes will be levied and deducted from the amount payable by the Bank.
6. Shortlisted NGOs will be requested to submit a detail Request for Proposal (RFP) for the next stage of selection which may involve a presentation to SCBNL's CSR Governance Committee (CSRGC). SCBNL will get in touch with the shortlisted NGOs for further selection process.
7. All projects will be evaluated across the following criteria:
   a. Past experience demonstrating expertise in similar projects and evidence of compliance with NRB Unified Directive no. 6/080 clause 16 (point 4.b.i) applied (50%)
   b. Theory of Change, M&E plan, and the list of evidence to be provided to SCBNL post completion (25%)
   c. Submission of point 4.b.ii (Budget, activity plan, etc.) (25%) (ideally as a detailed excel)
8. Applications received post 31 Jan 2025 will not be evaluated; SCBNL also reserves the right to reject any application without giving any reasons.

**Standard Chartered Bank Nepal Limited**

KANTIPUR PUBLICATION LTD. KMG KANTIPUR MEDIA GROUP

ROADSHOW REAL ESTATE (P.) LTD.
TURNING DREAMS INTO REALITY

PRESENTS




“

पर्यटकीय मात्र होइन, उत्पादनका दृष्टिले पनि पोखरा औद्योगिक सहर होइन । पोखरामै फस्टाएका उद्योगले नेपालको आत्मविश्वास बढाएका छन् भने दृष्टिकोण स्पष्ट नहुँदा गोरखकाली रबरजस्ता उद्योग बन्द पनि भएका छन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा पोखरा अग्रणी बनेको छ भने मनाङ र मुस्ताङजस्ता जिल्ला भौगोलिक रूपमा विकटसँगै पूर्वाधारमा कमजोर छन् । हिमाली क्षेत्रमा मनग्गे सम्भावना भएका स्याउलगायत खेतीले प्रोत्साहन र बजार पाउन सकेका छैनन् । सार्वजनिक–निजी साझेदारीहरूलाई संस्थागत बनाउन र पर्यटन, उद्यम तथा कृषिबाट आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सरकारको योजना र निजी क्षेत्रको तत्परता अपरिहार्य छ ।

”



# कैलालीमा साढे ३ अर्बको अत्याधुनिक इन्धन डिपो बनाइँदै

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल आयल निगमको सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढीमा रहेको इन्धन डिपो अब सर्ने भएको छ । सुरक्षाका दृष्टिले अति जोखिम रहेको इन्धन डिपोलाई कैलालीमा स्थानान्तरण गर्न लागेको हो । २०३७ सालमा ४ वटा गाडीका लागि बनेको धनगढीको डिपो अहिले सुरक्षा मापदण्डभन्दा बाहिर सञ्चालन भइरहेको छ । १ बिघा ८ कट्ठामा सञ्चालित धनगढी डिपो क्षेत्रफलकै कारण सुरक्षाको मापदण्डभन्दा बाहिर छ । डिपोसँगै सर्वसाधारणको घर पनि जोडिएकाले डिपो अन्य ठाउँमा स्थानान्तरण गर्न अपरिहार्य भएको निगमले जनाएको छ ।

'धनगढीको डिपो सुरक्षा मापदण्डबाहिर गएर सञ्चालन भइराखेको छ । डिपो सार्नुपर्नेमा दुईमतै छैन । यसका लागि ५/७ वर्षदेखि कुरा उठेको पनि हो,' काठमाडौंको सिनामंगल हवाई इन्धन डिपोमा बुधबार आयोजित पत्रकार सम्मेलनमा भण्डारण क्षमता अभिवृद्धि परियोजना प्रमुख प्रदीपकुमार यादवले भने, 'धेरै प्रयासपछि कैलालीको गोदावरी नगरपालिकामा जग्गा भेटिएको छ । सुदूरका ९ जिल्लालाई पायक पर्छ ।' धनगढीस्थित डिपोबाट जोखिम भएको सर्वसाधारणको गुनासो आएपछि निगमले कञ्चनपुर जिल्लाको पुनर्वास ३ र ६ स्थित राष्ट्रिय आवास कम्पनीका नाममा रहेको ७४ बिघा जग्गामध्ये २२ बिघा जग्गा मागेको थियो । तर नगरपालिका र कम्पनीबीच जग्गा विवादले त्यहाँ बन्ने अवस्था रहेन । त्यसपछि निगमले विभिन्न स्थानमध्ये कैलालीको अत्तरियाको जग्गा उपयुक्त भेटाएको हो ।

'धनगढीमा बन्ने डिपोले मुख्यत: ९ जिल्लामा आपूर्ति गर्छ, त्यसको सेरोफेरोमा रहेर डिपोका लागि जग्गा खोज्नुपर्ने थियो । सीमाबाट पनि टाढै राख्नुपर्‍यो । सबै क्षेत्रमा हेरेपछि कैलालीको अत्तरियामा उत्तम देखियो,' यादवले भने, 'जग्गा प्राप्ति ऐनअनुसार नै खरिद हुन्छ ।' हालको डिपोमा दैनिक अधिकतम ४ गाडीलाई दृष्टिगत गरी डिपो निर्माण गरिएको थियो । २०३७ सालमा बनेको डिपो १ बिघा ८ कट्ठामा छ । यो डिपोको क्षमता २ हजार ८९० किलोलिटर मात्रै छ । यसमध्ये पेट्रोल ८३० किलोलिटर, डिजेल १५९० किलोलिटर, मट्टीतेल ७० किलोलिटर र पानीट्यांकी ४ सय किलोलिटर क्षमता छ । अहिले माग बढ्दो क्रममा छ । डिपो वरिपरि बस्ती छ ।

'डिपो घना बस्तीसँगै छ । व्यावसायिक मागसमेत धान्न नसक्ने भएकाले कैलालीको अत्तरियामा सार्न लागिएको हो,' यादवले भने । निगमले नयाँ डिपो बनाउन पहिचान जग्गा कैलालीको गोदावरी नगरपालिका–८ स्थित पूर्वपश्चिम राजमार्गसँगै जोडिएको छ । डिपोले बस्ती जोखिममा परेपछि सर्वसाधारणले डिपो सार्नुपर्ने माग गर्दै आएका छन् । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समेत डिपो सार्न निगमलाई निर्देशन दिएका छन् ।

## अर्थ संक्षेप

### सञ्चालनमा आयो मर्क्योर होटल



काठमाडौं (कास)- मर्क्योर होटल सञ्चालनमा आएको छ । काठमाडौंको सुकेधारामा बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले औपचारिक उद्घाटन गरेपछि होटल सञ्चालनमा आएको मर्क्योर नेपालले जनाएको छ । नेपालमा मर्क्योर ब्रान्डको यो पहिलो होटल हो । यस होटलले मौलिकता प्रस्तुत गर्ने र पाहुनालाई न्यानो एवं आत्मीय बसाइ प्रदान गर्ने प्रतिबद्धता जनाएको छ । सन् १९७३ देखि स्थानीय अनुभव प्रदान गर्न समर्पित यस होटलले काठमाडौंको भावनालाई समेटेर डिजाइन गरिएको जनाएको छ । विविधतायुक्त पकवान, अन्तर्राष्ट्रिय क्लासिक्सदेखि प्रामाणिक स्थानीय र स्वाद लिन सक्ने होटलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । पाहुनाले होटल बसाइमा रुफटप इन्फिनिटी पुलमा काठमाडौं उपत्यकाको दृश्यावलोकन गर्न सक्ने, साउना सुविधा फिटनेस सेन्टरको सुविधा अनुभव लिन सक्छन् । 'मर्क्योर काठमाडौं सुकेधारा हाइट्स उद्घाटन एसियाभर एकोरको विस्तार यात्रामा एक प्रमुख कोसेढुंगा हो,' एकोरका प्रिमियम, मिडस्कले र इकोनोमी डिभिजन एसियाका चिफ अपरेटिङ अफिसर थार्थ सिमन्सले भने । यसैगरी मर्क्योरसँग सहकार्य गरी उक्त ब्रान्डलाई नेपालमा ल्याउन पाउँदा गौरवान्वित भएको द मेट्रोपोलिटन होटल प्रालिका अध्यक्ष देशबन्धु बस्नेत (अजित) ले बताए ।

### नेसनल लाइफको 'बाल अमृत–४ बिमा लेख'



काठमाडौं (कास)- नेसनल लाइफले 'बाल अमृत–४ सावधिक बिमा लेख' ल्याएको छ । उक्त बिमा लेखमा बिमितको प्रवेश उमेर न्यूनतम १ महिना र अधिकतम १५ वर्ष, प्रस्तावकको उमेर न्यूनतम २० वर्ष र अधिकतम ५० वर्षसम्म रहने प्रावधान रहेको इन्स्योरेन्सले जनाएको छ । यस बिमा लेखमा प्रस्तावकका रूपमा बुबा, आमा वा कानुनी संरक्षक हुनुपर्नेछ । बिमांक रकम न्यूनतम १ लाख र अधिकतम आयस्रोतका आधारमा ५० लाख रुपैयाँसम्म लिन सकिने कम्पनीले जनाएको छ । यस बिमा लेखले प्रस्तावकको पनि जोखिम रक्षावरण गरेको हुने कम्पनीको भनाइ छ । यस लेखमा बिमा शुल्क मासिक, त्रैमासिक अर्धवार्षिक र वार्षिक रूपमा बुझाउन सकिने व्यवस्था रहेको कम्पनीले जनाएको छ । यस बिमा लेख योजनामा अधिकतम बिमा समाप्ति उमेर ७० वर्षको हुनेछ ।

### यसै सातादेखि 'दिपल एस ०७ एल'

काठमाडौं (कास)- एमएडब्लू वृद्धिले विद्युतीय एसयूभी दिपल एस ०७ को अपग्रेडेड र थप शक्तिशाली तथा बढी रेन्ज दिने एसयूभीलाई यसै साता सार्वजनिक गर्ने तयारी गरिरहेको जनाएको छ । फ्युचरिस्टिक डिजाइन र आधुनिक प्रविधिका कारण लोकप्रिय बनेको दिपल एस ०७ हालसम्म सात सयभन्दा बढी युनिट बिक्री भइसकेको कम्पनीको दाबी छ । दिपल एस ०७ एलमा १६० किलोवाटको रियर ह्विलड्राइभ छ भने ७९.९ किलोवाट आवरको ब्याट्री प्याक हुनेछ । यसले



एक पटकको चार्जमा ४८५ किलोमिटर डब्लूएलटीपी रेन्ज दिनेछ । यसको टप स्पिड १ सय ८० किलोमिटर प्रतिघण्टा छ भने शून्यदेखि १०० किलोमिटर प्रतिघण्टाको गतिमा ६.६ सेकेन्डमा पार गर्ने कम्पनीको भनाइ छ । यसमा फ्रेमलेस डोर, ठूला २० इन्चका टायर, क्याबिनमा क्वाल्कम स्नेपड्रागान ८१५५ चिप जडित १५.६ इन्चको सनफ्लावर टचस्क्रिनलगायत विशेषता हुने कम्पनीले जनाएको छ ।

### 'स्काई वर्थ सपना साकार' योजनाका विजेता घोषणा

काठमाडौं (कास)- केएल दुगड ग्रुपअन्तर्गतको स्मार्ट अप्लायन्सेसले ल्याएको 'स्काईवर्थ सपना साकार' योजनाका विजेता घोषणा गरेको छ । कम्पनीले बुधबार काठमाडौंमा कार्यक्रम आयोजना गरी योजनाका विजेता काठमाडौंका रवि अर्याललाई कारको साँचो हस्तान्तरण गरेको छ । विजेता अर्यालले एमजी कमेट ईभी कार हात पारे । कम्पनीले उक्त योजना २०८१ को असोज १ देखि कात्तिक ३० सम्म सञ्चालन गरेको थियो । कम्पनीका अनुसार यस योजनामा देशभरका ग्राहकको सहभागिता थियो ।




### एमजी मोटरका दुई नयाँ सेवा केन्द्र




काठमाडौं (कास)- नेपालका लागि एमजी मोटरको अधिकृत आयातकर्ता र वितरक प्यारामाउन्ट मोटर्सले काठमाडौं उपत्यकामा दुई नयाँ आधुनिक सेवा केन्द्र सञ्चालनमा ल्याएको छ । कम्पनीले काठमाडौंको सुकेधारा र भक्तपुरको सल्लाघारीमा थप सेवा केन्द्र सञ्चालनमा ल्याएको हो । यी दुई सेवा केन्द्रमा ग्राहकको सेवालाई ध्यानमा राख्दै सम्पूर्ण सुविधा उपलब्ध गराइएको कम्पनीको दाबी छ । नयाँ शाखा विस्तार गर्नु कम्पनीका लागि खुसीको विषय रहेको कम्पनीले बताएको छ । यसबाट ग्राहक लाभान्वित हुने कम्पनीको विश्वास छ ।

### निर्माण उद्योगका समस्याप्रति सरकार उदासीन बनेको गुनासो



काठमाडौं (कास)- निर्माण उद्योगका समस्याप्रति सरकार उदासीन रहेको भन्दै १४ बुँदे माग अघि सारेर व्यवसायीले आन्दोलनको चेतावनी दिएका छन् । नेपाल निर्माण व्यवसायी महासंघले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा निर्माण सामग्रीको जथाभावी मूल्यवृद्धि र कार्टेलिङले गर्दा काम गर्न समस्या भएको दाबी गरे । निर्माण कार्य हुने सिजनमै सिमेन्ट उद्यमीहरूबाट बिनाकारण खुलेआम कार्टेलिङ एवं कालोबजारी गरी सिमेन्ट, डन्डीलगायत निर्माण सामग्रीमा गरिरहेको चर्को मूल्यवृद्धि र भुक्तानी अभावले व्यवसायी समस्यामा परेको व्यवसायीले बताए । 'सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनमा देखिएको म्याद थपसम्बन्धी कानुनी जटिलता, राष्ट्र बैंकबाट निर्माण व्यवसायीहरूलाई ऋणमा दिइएको सुविधा कटौती, विभिन्न कारणले रुग्ण रहेको आयोजनाहरूको खारेजी, विगतका सहमतिको अक्षरश: कार्यान्वयन, पूर्वाधारमैत्री ऐन–कानुन, लो बिडको निरुत्साहन,' महासंघले १४ बुँदे माग गर्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'निर्माण सामग्रीको सहज उपलब्धता, महालेखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत नियमनकारी निकायको ज्यादती र इन्स्योरेन्सको समस्या समाधानका लागि निर्माण आयोग गठनको माग गर्दछौं ।' गत पुस २७ मा राजधानीमा सम्पन्न राष्ट्रिय भेलाले दिएको म्यान्डेटअनुसार आन्दोलन गर्न लागिएको महासंघ अध्यक्ष रवि सिंहले जानकारी दिए ।

**DAI** USAID Biodiversity (Jal Jangal) Vacancy Announcement

**Project Background:**

USAID Biodiversity (Jal Jangal) will conserve nature, enhance human well-being, and safeguard Nepal's biodiversity to improve the health of ecosystems, fight environmental crime, and improve the ability of communities to prepare for and adapt to impacts caused by climate change and natural disasters. The activity will achieve measurable conservation targets within the biodiversity-rich, terrestrial, and freshwater ecosystems of the Chitwan-Annapurna Landscape, Kailash Sacred Landscape, Terai Arc Landscape, and the proposed Karnali Conservation Landscape, while increasing resilience to climate change and contributing to inclusive and sustainable development of the Nepali people.

USAID Biodiversity (Jal Jangal) invites applications from qualified Nepali nationals for the below position.

- **Director of Operations**

Application instructions: The job advertisement is now live for USAID Biodiversity (Jal Jangal), interested candidates are invited to apply via the following link: https://fs23.formsite.com/OLJTgx/msxk57a7dt/index or refer to **www.jobsnepal.com**.

Please select the position and location, fill out the required information and upload your CV **no later than 29 January 2025**.

**Women and persons from excluded groups are encouraged to apply.**

*DAI promotes workforce diversity and considers excluded groups to include women, Dalits, indigenous ethnic groups, Madhesi, Muslim, persons with disabilities, people living in remote areas, and sexual and gender minorities.*

### निजी कम्पनीलाई...

स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भए वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने भए सम्बन्धित मन्त्रालयको सिफारिसमा कार्यक्रम संशोधन गर्न प्रावधान पनि सरकारले अध्यादेशमा समावेश गरेको छ ।

'आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नुपर्ने भए विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी त्यस्तो आयोजनाका लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्नेछ,' अध्यादेशमा उल्लेख छ, 'आयोजना वर्गीकरण गर्दा आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारका रूपमा लिनुपर्नेछ । प्रत्येक आर्थिक वर्षका लागि आयोजनाको कुल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनुअगावै निर्धारण गर्नुपर्नेछ ।'

# साइबेरियासम्मबाट आए ३४ प्रजातिका...

यो पटक भने क्याङकुरुङको संख्या केही बढेको छ । पुस २२ को बिहान दिव्यनगरको फाँटमा हठन चौधरीसहितको टोलीले हिउँदमा बसाइँसराइ गरेर आउने पानीचराको अनुगमन गरेको थियो । त्यस क्रममा लक्ष्मण सारस ३२ वटा भेटिएका चौधरीले जानकारी दिए । गत वर्ष भने १७ वटा मात्र लक्ष्मण सारस भेटिएका थिए । दिव्यनगरकै त्यो फाँटमा पाँच वर्षअघि सन् २०२० मा २४२ वटा लक्ष्मण सारस भेटिएका थिए ।

लक्ष्मण सारस कम हुँदै गए पनि दिव्यनगर फाँट चराले नछाडेको संरक्षणकर्मी बताउँछन् । दिव्यनगर फाँटमा यस पटक ३४ प्रजातिका पानीचरा भेटिएका छन् । कुल पानीचराको संख्या २ हजार ३ सय ७५ रहेको चौधरीले जानकारी दिए । 'गत वर्षको तुलनामा प्रजाति र संख्या बढेको पाइयो,' उनले भने, 'गत वर्ष ३२ प्रजातिका ५ सय ४३ वटा मात्र पानी चरा भेटिएका थिए । यस पटक दुई प्रजाति बढी देखिए । चराको संख्या पनि धेरै पाइयो ।' गत वर्ष देखिएका पानी चरा रातो जुन बुकल्ला, झ्भौला जलेवा, सुइरो ठुँडे र टिमटिमा यो पटक भने उनले देखेनन् ।

चराका चार प्रजाति यो वर्ष नआए पनि अघिल्लो वर्ष नदेखिएका ठूलो सेतो बकुल्ला, हुटिट्याउँ, भारक चाहा, पानी गौँथली, मलाहा चिल र ठूलो माटीकोरे यो पटक भेटिए । गणनामा २७५ वटा पानी गौँथलीको हूल नै भेटियो । यो पटक सबैभन्दा बढी 'बार हेडेड गुज' अर्थात् खोया हाँस ८४२ वटा भेटिएका छन् । गत वर्ष यो हाँस १९८ वटा फेला परेका थिए । खोया हाँस सगरमाथाभन्दा पनि बढी उचाइमा उड्ने पन्छी हो ।

सबैभन्दा बढी उचाइमा उड्ने तीन पन्छीमध्ये दुई दिव्यनगरमा भेटिन्छन् । पन्छीविद् चौधरीका अनुसार सबैभन्दा बढी १३ हजार मिटरमा उड्ने चरा 'रुपाल्स भल्चर' हो । 'यो नेपालमा पाइँदैन र आउँदैन पनि । क्याङकुरुङ ११ हजार मिटर र तेस्रो नम्बरमा खोया हाँस ९ हजार मिटरमा उड्छ,' उनले भने, 'अर्थात् सगरमाथाभन्दा पनि अग्लो उचाइमा उड्ने क्याङकुरुङ र खोया हाँस दिव्यनगर आउँछन् ।'

करिब ४ सय बिघामा रहेको दिव्यनगरको फाँट भरतपुर महानगरपालिका-२६ मा पर्छ । फाँटबाट लगभग ३ किमि उत्तरमा नारायणी नदी छ । दक्षिणमा केही पर चितवन निकुञ्ज र राप्ती नदी छ । खेतको वातावरण सिमसारको जस्तै भएका कारण धेरै पानीचरा यहाँ आउने गरेको पन्छीविद् चौधरीले बताए । 'साइबेरियामा चिसो बढेसँगै खानाको अभाव हुन्छ, त्यसैले आहारा खोज्दै चरा हिमाल नाघेर दक्षिण आउँछन्,' उनले भने ।

दिव्यनगरमा गणकले जमिनमा बस्ने अन्य चरा पनि गनेका थिए । ४६ प्रजातिका त्यस्ता चरा ६७५ वटा देखापरेको चौधरीले बताए । 'मान्छेले खेतीका लागि मन पराएको फाँटमा चरा कति झुम्मिँदा रहेछन् भन्ने उदाहरण दिव्यनगर हो,' उनले भने, 'पानीचरा जे छन्, ती कृषिका लागि उपयोगी छन् । यिनले अन्न हैन, कीरा, फट्याङ्ग्रा, गगँटा, भ्यागुता, छेपारो, सर्प, साना माछा खान्छन् ।'

भरतपुर-२६ का वडाध्यक्ष ज्ञानप्रसाद खनालले चरा संरक्षणका लागि वडा कार्यालयले पनि चेतनामूलक कार्यक्रम गर्न बजेट छुट्याएको बताए । गत वर्ष ५० हजार र यो वर्ष १ लाख रुपैयाँ बजेट व्यवस्था गरेको उनले जानकारी दिए ।

नेपालका पानी चराको गणना सन् १९८७ मा सुरु भएको हो । दिव्यनगरको फाँटमा ८ वर्षयता चरा अनुगमन चलिरहेको छ । 'क्याङकुरुङ यहाँ देखिएकाले चराप्रेमीको ध्यान तानियो । पछि क्याङकुरुङ अर्थात् लक्ष्मण सारस मात्र नभएर अरू चरा पनि हेरौं भन्ने भएपछि ८ वर्षयता नियमितजसो हिउँदमा चरा गणना हुँदै आएको छ,' दिव्यनगरको छिमेकी गाउँ भरतपुर-२५ घर भएका पन्छीविद् चौधरीले भने ।



दिव्यनगर आडको सिसै गाउँका ७५ वर्षीय उत्तम चौधरीले ३०/४० वर्ष पहिला गाउँको खेतमा क्याङकुरुङको ठुल्ठूला बथान आएर बस्ने गरेका बताए । 'क्याङकुरुङ उड्दा बादल लागे जसरी छाया पर्ने गर्थ्यो,' उनले भने । दिव्यनगर घान्द्रुके चोकमा २०२४ सालदेखि बस्दै आएका टीकाराम पोखरेलले क्याङकुरुङका ६/७ वटा बथान हुने, एउटै बथानमा ७०/८० वटा क्याङकुरुङ देखिने गरेको सुनाए । 'तर अचेल खेत सर्लक्क छैनन्, घरको संख्या बढेको छ । विद्युत्को सबस्टेसन बन्दै छ । उद्योग पनि छन् । नेपाली सेनाले पनि त्यही क्षेत्रमा प्यारा जम्पिङ तालिम चलाउँछ,' उनले भने ।

चरा संरक्षणका लागि भरतपुरका राप्ती र नारायणी नदी आडका २२ देखि २८ नम्बर वडामा गत वर्षदेखि चेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएको छ । 'हामीले सक्ने गरेका छौं । उद्योग, कारखाना, सबस्टेसनजस्ता संरचना निर्माण हामीले चाहेर मात्र रोक्न सकिने कुरा भएन, चराको महत्त्वपूर्ण बासस्थल जोगाउन सबै लाग्नुपर्ने देखियो,' वडाध्यक्ष खनालले भने ।

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय विरौटा, पोखरा, कास्कीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१०/०३ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०५/०२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुंदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणी (१) को विवरण**

कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागको कार्यालयमा मिति २०७० साल जेठ महिना २१ मा दर्ता नं. ७००४/०६९/०७० तथा आन्तरिक राजश्व कार्यालय, पोखरामा मिति २०६७/०४/०१ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र नं. ६०११९५५०१ अन्तर्गत दर्ता कायम भएको **सेल सिटि द मोबाइल स्टोर्स** ।

**प्रोप्राईटर : जमालुदिन खाँ पैठान**

**संयुक्त ऋणी (२) को विवरण**

| | |
|---|---|
| **क.** जवर्दिन खाँ पैठानको नाति, जमालुदिन खाँ पैठानको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल अष्ट्रेलिया बस्ने **यासीन खाँ पैठान** (ना.प्र.नं. ४६-०१-७५-०४७२६, जारी मिति २०७५/०६/२३, जि.प्र.का. कास्की) । | **ख.** चाँद खाँ पैठानको नाति, जवर्दिन खाँ पैठानको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ४ बस्ने **जमालुदिन खाँ पैठान** (ना.प्र.नं. ५६३३/४३४५/१२९५, जारी मिति २०५६/०४/०६, जि.प्र.का. कास्की) । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. चाँद खाँ पैठानको नाति, जवर्दिन खाँ पैठानको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ४ बस्ने **जमालुदिन खाँ पैठान** (ना.प्र.नं. ५६३३/४३४५/१२९५, जारी मिति २०५६/०४/०६, जि.प्र.का. कास्की) । | २. जवर्दिन खाँ पैठानको नाति, जमालुदिन खाँ पैठानको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल अष्ट्रेलिया बस्ने **यासीन खाँ पैठान** (ना.प्र.नं. ४६-०१-७५-०४७२६, जारी मिति २०७५/०६/२३, जि.प्र.का. कास्की) । |

३. जवर्दिन खाँ पैठानको बुहारी, जमालुदिन खाँ पैठानको पत्नी, कास्की जिल्ला, साविक सराङकोट उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ४ बस्ने **विन्दु थापा** (ना.प्र.नं. ११०९०४, जारी मिति २०५७/०९/०५, जि.प्र.का. कास्की) ।

**धितोको विवरण**

१. **ऋणी सेल सिटि द मोबाइल स्टोर्सको नाममा धितोबन्धकी कायम रहेको** विन्दु थापा (ना.प्र.नं. ११०९०४, जारी मिति २०५७/०९/०५, जि.प्र.का. कास्की) को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भइ बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला, साविक पोखरा उ.म.न.पा. वडा नं. १४ हाल पोखरा म.न.पा. वडा नं. १४ स्थित कि.नं. २७७ को क्षेत्रफल ७८.७० (व.मि.) बमोजिमको घर/जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणी सेल सिटि द मोबाइल स्टोर्सको नाममा धितोबन्धकी कायम रही ऋणी यासीन खाँ पैठान/जमालुदिन खाँ पैठानको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** जमालुदिन खाँ पैठान (ना.प्र.नं. ५६३३/४३४५/१२९५, जारी मिति २०५६/०४/०६, जि.प्र.का. कास्की) को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कास्की जिल्ला, साविक कास्कीकोट गा.वि.स./न.पा. वडा नं. ७ हाल पोखरा म.न.पा. वडा नं. २४ स्थित कि.नं. ३०६० र ३२८३ को क्षेत्रफल क्रमशः १७०.९० र १६६.९० (व.मि.) र कास्की जिल्ला, साविक शिशुवा गा.वि.स./न.पा. वडा नं. ४ हाल पोखरा म.न.पा. वडा नं. २८ स्थित कि.नं. १९४७ को क्षेत्रफल १५८.९८ (व.मि.) बमोजिमको घर/जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. सेल सिटि द मोबाइल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) तथा स्थीर सम्पति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय विरौटा, पोखरा, कास्कीबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१०/१७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय विरौटा, पोखरा, कास्कीमा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८१/१०/१८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय विरौटा, पोखरा, कास्कीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय विरौटा, पोखरा, कास्कीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : विरौटा, पोखरा, कास्की
फोन नं. ०६१-४५०१८५
Website : www.siddharthabank.com

## मोटरसाईकल हराएको सूचना

मिति २०८१/०९/२० मते सुनसरी जिल्ला, इटहरी उ.म.न.पा.-९, शुभकामना मार्ग स्थित घरको पार्किङ्गबाट प्र १-०२-०५६ प ००१० नं. को बजाज पल्सर N 160CC कालो रङ्गको मोटरसाईकल हराएको हुँदा पाउनु हुने महानुभावहरुले फोन ९८०१२२३८२२ वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम: नवराज कोइराला
इन्जिन नं. : PDXCDR-59884
च्यासिस नं.: MD2B54DXORCC-87521

KANTIPUR PUBLICATION LTD.
KMG KANTIPUR MEDIA GROUP

ROADSHOW REAL ESTATE (P.) LTD.
TURNING DREAMS INTO REALITY

PRESENTS

कान्तिपुर
गन्तव्य गण्डकी

"संघीय प्रणालीले राजनीतिक तथा आर्थिक अधिकार र जिम्मेवारीको बाँडफाँट गरेको छ तर पनि कार्यान्वयनमा उदारता छैन । प्रशासनिक पुनःसंरचनासहित संविधानले सुनिश्चित गरेका जिम्मेवारीलाई हस्तान्तरण गर्न कानुन नबन्दा अलमल पनि भइरहेको छ । संघीयताले राजनीतिक नेतृत्वको स्पष्ट प्रतिबद्धता, प्रशासनिक जनशक्ति दक्षता र प्रदेश तथा स्थानीय तहको क्षमताको परीक्षा मागिरहेको छ । संघीयताको बहस राजनीतिक अधिकारको बाँडफाँटमा मात्र सीमित छ जबकि प्रशासनिक र वित्तीय अधिकार संघीयताको मेरुदण्ड हो । अपर्याप्त राजस्व र स्रोतका कारण तीनै तहका सरकार संघर्षरत छन् । यसमा पनि आम्दानीको स्रोत बढाउनु त छँदै छ, उपलब्ध स्रोतको न्यायिक वितरण र परिचालनले मात्र संघीयता र समग्र लोकतन्त्रलाई बलियो बनाउन सक्छ ।"



# स्पिनरको दबदबापछि फाइनल रोमाञ्चक मोडमा

● बुधबार खसेको २६ मध्येको २५ विकेट स्पिनरका नाममा ● त्यसमा देब्रेहाते स्पिनरबाट २२ विकेट ● दिनको खेलमा शाहब आलमले ११ विकेट लिए

**भूषण यादव** (वीरगन्ज)

त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबबीच जय ट्रफी एलिट कप क्रिकेट प्रतियोगिताको फाइनलमा दोस्रो दिनको खेलमा स्पिनरहरूको वर्चस्व रह्यो। बुधबार कुल झरेको २६ मध्येको २५ विकेट स्पिनरका नाममा रह्यो। त्यसमा पनि २२ विकेट देब्रेहाते स्पिनरले लिएका थिए।


आर्मी देब्रेहाते स्पिनर शाहब आलमले यसको पूरा फाइदा उठाए। उनले बुधबारको खेलमा मात्र ११ विकेट लिए। उनले एक दिन दुवै इनिङ्समा ५-५ वा सोभन्दा बढी विकेट लिने दुर्लभ कीर्तिमान पनि बनाए। उनले खेलमा कुल १२ विकेट लिइसकेका छन्। प्रतियोगिताको चार खेलमा उनले ३३ विकेट लिइसकेका छन्।

८५-२ बाट दिनको खेल प्रारम्भ गरेको पुलिसले १३३-९ मा इनिङ्स समाप्तिको घोषणा गरेको थियो। कुशल भुर्तेलले आफ्नो अघिल्लो दिनको खेलमा १ रन मात्र थपेर ५१ रनमा आउट भए। उनी दिनको खेलमा शाहबको पहिलो सिकार भए। कप्तान आरिफ शेखलाई शाहबले शून्य आउट गरे। अर्जुन साउद २८, रसिद खान १० र गुलशन झा ६ रनमा आउट भए। शाहबले १२.४ ओभरमा ३७ रन खर्चेर ७ तथा बसिर अहमद र सोमपाल कामीले १-१ विकेट लिए।

जवाफमा आएको आर्मीले झनै खराब सुरुवात गर्‍यो। तृतराज दास ८ र सन्तोष कार्की शून्यमा आउट भए। भीम सार्कीले ५५ बलमा ५८ रन बनाउँदै आर्मीको स्कोरलाई बढाएका थिए। उनले ६ चौका र ३ छक्का प्रहार गरे। बसिरले ५५ बल खेल्दै ३ चौकाका साथ ४०, सोमपालले ३२, कप्तान विनोद भण्डारीले १४ रन बनाएपछि आर्मी ३९.५ ओभरमा १ सय ७० रनमा अलआउट भयो। पुलिसका देब्रेहाते स्पिनर सागर ढकालले १५.५ ओभरमा ७८ रन खर्चिएर ५, कुशलले ३ तथा ललित राजवंशी र गुलशन झाले १-१ विकेट लिए।

पहिलो इनिङ्सका आधारमा ३७ रनले पछि परेको पुलिसले दोस्रो दिनको खेल समाप्त हुँदासम्म ९ विकेटको क्षतिमा १ सय ३२ रन जोडेको छ। पुलिस ९५ रनले मात्र अगाडि रहेको अवस्थामा सागर ढकाल १ र ललित राजवंशी शून्यमा क्रिजमा छन्।

कुशलले दोस्रो इनिङ्समा ४५ रन बनाए। दिलीप नाथले ३४, रसिदले १८ र अमृत श्रेष्ठले १३ रन बनाए। कप्तान आरिफ ५ रनमै आउट भए। शाहबले ५ र अर्का देब्रेहाते स्पिनर बसिरले ४ विकेट लिएका छन्। तीनदिवसीय फाइनलको बिहीबार अन्तिम दिन हुनेछ।


आर्मीका स्पिनर शाहब आलम विकेट लिएपछि।

# कबड्डी लिगलाई ७५ लाखको प्रायोजन

काठमाडौं (कास)- नेपाल कबड्डी लिग (एनकेएल) ले केबी सामलाई प्रमुख प्रायोजकका रूपमा भित्र्याएको छ। एस्ट्रोनिक्स म्यानेजमेन्टको आयोजनामा शुक्रबारबाट नेपालमा पहिलो पटक कबड्डीको फ्रेन्चाइज लिग हुँदै छ। प्रतियोगिता अब केबी साम नेपाल कबड्डी लिगको नामले सञ्चालन हुनेछ।

दशरथ रंगशालास्थित कभर्डहलमा ६ सहरका ६ वटा टिमले राउन्ड रोबिन लिग र नकआउट चरण गरी माघ १८ गतेसम्म प्रतिस्पर्धा गर्नेछन्। प्रमुख प्रायोजन सम्झौतामा एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानी र केबी सामका मार्केटिङ एन्ड सेल्सका प्रमुख रूपेश थापाले हस्ताक्षर गरे। एस्ट्रोनिक्स म्यानेजमेन्टले एनकेएलका लागि केबी साम आल्मुनियम उत्पादक कम्पनीसँग तीनवर्षे सम्झौता गरेको हो।

सम्झौताअनुसार केबी सामले वार्षिक ७५ लाख रुपैयाँ एनकेएललाई दिनेछ। यो रकम नेपाली खेलकुद इतिहासकै चौथो ठूलो रकम हो। नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट, सहिद स्मारक ए डिभिजन लिग र सूर्य नेपाल गल्फ टुरपछिको सबभन्दा ठूलो प्रायोजन हो।



# अमेरिकासँग नेपाल पराजित

काठमाडौं (कास)- नेपाल आईसीसी महिला यू-१९ ट्वान्टी-२० विश्वकपको दोस्रो अभ्यास खेलमा पनि पराजित भएको छ। पहिलो खेलमा वेस्ट इन्डिजसँग ९ रनले पराजित नेपाललाई बुधबार अमेरिकाले ५ विकेटले पराजित गर्‍यो। अमेरिकाले पहिलो अभ्यास खेलमा न्युजिल्यान्डलाई पराजित गरेको थियो।

मलेसियाको क्वालालम्पुरस्थित रोयल सेलेन्गर क्लबमा टस हारेपछि ब्याटिङमा आएको नेपालले निर्धारित २० ओभर खेली ९ विकेट गुमाई ५८ रन मात्र बनाउन सकेको थियो। सावित्री धामी ५, सना प्रवीण १२, कप्तान पूजा महतो १०, उपकप्तान सोनी पाखिन ४, किरण कुँवर शून्य, ज्योत्सनिका मरासिनी ६, तृष्णा विश्वकर्मा २, सिमान केसी ६, अलिसा यादव १ रनमा आउट भए। अनु कडायत ३ र रचना चौधरी ४ रनमा अविजित रहे।

अमेरिकाले १४ ओभरमा लक्ष्य पूरा गरेको थियो। इसानी भाघेलाले २८ बल खेली २ चौका प्रहार गरी २४ र पूजा शाहले १० रन बनाउँदै अमेरिकालाई जिताए। नेपालबाट रिया शर्माले ४ ओभरमा १५ रन खर्चेर ३ र पूजाले १ विकेट लिइन्। समूह 'डी' मा रहेको नेपालले शनिबार बंगलादेशविरुद्ध खेलेर यू-१९ विश्वकपको यात्रा प्रारम्भ गर्नेछ। त्यसपछि नेपालले जनवरी २० मा स्कटल्यान्ड र जनवरी २२ मा अस्ट्रेलियाविरुद्ध खेल्नेछ।

# सुदूरपश्चिम र एपीएफको लगातार दोस्रो जित

**अर्जुन शाह** (धनगढी)

नेपाल एपीएफ क्लब र घरेलु टोली सुदूरपश्चिम प्रदेशले प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन्। एपीएफले बुधबार भएको पहिलो खेलमा गण्डकी प्रदेशलाई ८ विकेटले पराजित गर्‍यो।

एपीएफले ७१ रनको लक्ष्य एपीएफले ९.३ ओभरमै पूरा गर्‍यो। कप्तान इन्दु बर्मा २१ बल खेली २ चौकासहित २६ र रोमा थापा ११ बल खेली १ चौकासहित १४ रनमा अविजित रहे। राजमती ऐरी ८ र ममता चौधरी १८ रनमा आउट भएका थिए। गण्डकीका आकृति तिवारी र यशोदा भुजेलले १-१ विकेट लिए।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको गण्डकीले हुस्सुका कारण १५ ओभरमा छोट्याइएको खेलमा ७० रन बनाएको थियो। कप्तान सिर्जना पौडेलले सर्वाधिक २५ रन जोडिन्। रेखा तामाङ १७ र श्रेया शाही १३ रनमा आउट भए। एपीएफकी बिनु बुढाले २ र करुणा भण्डारीले १ विकेट लिए।

सुदूरपश्चिमले दोस्रो खेलमा लुम्बिनी प्रदेशलाई ७५ रनले पराजित गर्‍यो। टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ६ विकेट गुमाई १ सय २७ रन बनायो। कविता कुँवरले ३३ बल खेली ८ चौकासहित ५५, मनीषा बोहराले २३ र रीतु कनोजियाले अविजित १८ रन बनाए। लुम्बिनीका सरस्वती पुनले ३ तथा सम्झना मगर र मधु डीसीले १-१ विकेट लिए।

जवाफमा लुम्बिनी १९.१ ओभरमा ५२ रनमै अलआउट भयो। सरस्वती पुनले १४ र कप्तान सरस्वती जीएमले १२ रन जोड्नबाहेक अन्यले दोहोरो अंक छुन सकेनन्। सुदूरपश्चिमकी रेवती धामीले ३, आशिका महराले २ तथा कविता, रीतु, करिश्मा थापा र जानकी थापाले १-१ विकेट लिए।

# एपीएफको लगातार जित

काठमाडौं (कास)- नेपाल एपीएफ क्लबको एन्फा वुमेन्स लिगको दोस्रो चरणमा लगातार जितको क्रम बुधबार पनि कायम रह्यो। एपीएफले बागमतीमाथि आधा दर्जन गोल गरेको हो। बागमतीले खेलको ४२ मिनेटसम्म एपीएफलाई गोलरहित बराबरीमा रोकेको हो। तर पहिलो हाफको अन्त्यतिर दुई गोल खाएपछि बागमती सम्हालिन सकेन।

त्यसपछि बागमती दबाबमा पनि देखिएको थियो। एपीएफको जितमा रश्मिकुमारी घिसिङ र सरु लिम्बूले दुई-दुई गोल गरे। अर्को गोल प्रीति राईको नाममा रह्यो। यो जितपछि दोस्रो चरणमा एपीएफको ५ खेलबाट १५ अंक भएको छ र शीर्ष स्थानमा रहेको छ। पहिलो चरणमा समेत गरेर एपीएफको यो लगातार १३ औं जित हो।

यी जितमा एपीएफले आठ खेलमा ६ अथवा त्योभन्दा बढी गोल गरेको छ। बागमती भने तीन अंकमै सीमित छ र चौथो स्थानमा छ। बागमती र वालिङविरुद्ध एपीएफका चारै खेल समाप्त भएका छन्। अब उसले पुलिस र आर्मीविरुद्ध एक-एक खेल खेल्नेछ। बिहीबार पुलिस र आर्मीबीच खेल हुनेछ।

बागमतीको यो हारले तीन विभागीय टिम शीर्ष तीन स्थानमा रहने पनि निश्चित भएको छ। सातदोबाटोको एन्फा कम्प्लेक्समा भएको खेलमा एपीएफले ४२ औं मिनेटमा पहिलो गोल गरेको हो। यस क्रममा रश्मिले गोलको खाता खोलिन्। पहिलो हाफको इन्जुरी समयको दोस्रो मिनेटमा उनले दोस्रो गोल गरिन्।

खेलको ५५ औं मिनेटमा सेमिहाङ्मा लिम्बूले एक आत्मघाती गोल गर्न पुगिन्। सरुले ५६ औं मिनेटमा चौथो गोल गरिन्। प्रीतिले ८८ औं मिनेटमा अर्को गोल गरिन्। दोस्रो हाफको इन्ज्युरी समयको पहिलो मिनेटमा सरुले छैटौं गोल गरिन्। बागमतीका लागि पहिलो हाफको खेल शिक्षाका रूपमा रहनेछ।




## वर्गीकृत डिस्प्ले

**यौन-शक्ति बर्द्धक**
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौन उत्तेजना, पावर बढाउन ORIGINAL HERBAL (80 वर्षसम्म) सक्रिय बनाई यौन शक्ति बढाउने USA, GERMANY, LONDON, DENMARK को बिश्वस्तरीय हर्बल उपलब्ध छ।
थाहै नदिई जाँड-रक्सी को कुलत छुटाउने
महिलाको स्तन बढाउने घटाउने, गुप्तांक टाइट पार्ने, मोटोपन घटाउने बढाउने।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

**जग्गा भाडामा चाहियो**
अफिस तथा गोदाम राख्नको लागि सितापाईलादेखि धुम्बाराहीसम्म रिङरोड बाहिर, ट्रक समेत जान मिल्ने करिव २ रोपनी क्षेत्रफलमा रहेको जग्गा भाडामा चाहियो !!!
सम्पर्क
९८०११४८२२५

**WANTED**
Immediately wanted experienced Science Teachers for spot appointment.

| | |
|---|---|
| SECONDARY SCIENCE TEACHER (Grade 9 & 10) | 1 |
| LOWER SEC. SCIENCE TEACHER (Grade 6 & 7 ) | 1 |

PRINCIPAL
Thakin Kumar Gurung
9851063537, info@greenland.edu.np
Note: Please call for detail information & upload in email your CV & Testimonials.

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*




सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान